म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २९३ सोमबार २१ जेठ २०८१ ने. सं. ११४४ बछलागा 3 June 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## तमु ढुवानीलाई थाहा नगरस्तरीय भलिबलको उपाधि

हेटौंडा, २० जेठ/थाहा नगरस्तरीय खुला भलिबल प्रतियोगिताको उपाधि आयोजक तमु ढुवानी सेवा 'बी' ले हात पारेको छ । तमु ढुवानी सेवा थाहा नगरपालिका-५ फुर्केको आयोजनामा भएको प्रतियोगितामा बज्रवाराही टिमलाई पछि पार्दै तमुले उपाधि चुमेको हो । थाहा नगरपालिका-५ फुर्केवसन्तको सौगात स्मृति भलिबल मैदानमा १८ र १९ जेठमा आयोजित प्रतियोगिताको विजेता तमु ढुवानीले खसी सहित शिल्ड, मेडल तथा प्रमाणपत्र पुरस्कार पाएको हो ।

दोस्रो भएको बज्रबाराहीले बोकासहित शिल्ड मेडल र प्रमाणपत्र तथा तेस्रो हुन सफल विनयबाबु स्मृति प्रतिष्ठानले २ वटा कुखुराको भाले सहित प्रमाणपत्र प्राप्त गरेको छ । ८ वटा टिम सहभागी रहेको प्रतियोगितामा उत्कृष्ट खेलाडी आयोजक तमु ढुवानी सेवा 'बी' का पुजन गुरुङ घोषित भए ।

# बागमतीमा ६७ करोडका ४३७ टुक्रे योजना कार्यान्वयनमा गएन

साझाकुरा संवाददाता

हेटौंडा, २० जेठ/ बागमती प्रदेश सरकारले थप गरेको ६७ करोडका ४३७ वटा टुक्रे योजना कार्यान्वयनमा नजाने निश्चित भएको छ । चालु आर्थिक वर्ष २०८०/८१ सकिन तीन महिनामात्रै बाँकी हुँदा आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेशसभाबाट पास भएर आएका ५ लाखदेखि ५० लाख रुपैयाँसम्मका टुक्रे योजना थप्न सम्बन्धित मन्त्रालयमा पत्राचार गरेको थियो ।




यस्ता योजना चालु आवभित्र कार्यान्वयन नगर्ने राजनीतिक सहमति भएको छ । 'मुख्यमन्त्री कार्यालयमा प्रदेशका शीर्ष नेताज्यूहरुको बैठकले योजना कार्यान्वयन नगर्ने र थपिएका योजना आगामी आव २०८१/८२ को बजेटमा समावेश गरेर लैजाने सहमति भएको हो,' मुख्यमन्त्री कार्यालय स्रोतले बतायो । सम्बन्धित मन्त्रालयले नयाँ सिलिङमा ती योजना समावेश गरेर पठाउने गरी काम अगाडि बढेको स्रोतको दाबी छ ।

विगतमा राजनीतिक सहमतिकै आधारमा टुक्रे योजना थपिएको थियो । बागमतीका तत्कालीन प्रमुख प्रतिपक्षी दल नेकपा एमाले र विपक्षी दल राप्रपासँगको सहमतिअनुसार कांग्रेस सम्मिलित सरकारले योजना थप गरेको हो । यतिबेला एमाले सरकारमा र राप्रपा प्रतिपक्षकै भूमिकामा छ । १७ फागुन २०८० मा बसेको प्रदेशसभा बैठकले चालु आर्थिक वर्ष २०८०/८१ को बजेटमा सरकारले एमाले र राप्रपाको सांसदको योजना समेट्न गरेको लिखित सहमति कार्यान्वयनका लागि संसदीय विशेष समिति गठन गरेको थियो । बजेट तथा कार्यक्रम व्यवस्थापन विशेष समितिले २९ फागुनमा सभामुखलाई प्रतिवेदन बुझाउँदै थपिएका योजनामा प्रस्ताव गरिएको बजेट अर्थ विविध वा अन्य शीर्षक अन्तर्गतको पुँजीगततर्फको विनियोजित रकमबाट रकमान्तर गर्न सुझाव दिएको थियो ।

२९ फागुनको प्रदेशसभा बैठकले समितिको प्रतिवेदन पास गर्दै सरकारलाई सुझाव कार्यान्वयन गर्न निर्देशन दिएको थियो । जसअनुसार ६७ करोड बराबरका ४३७ वटा टुक्रे योजना थप गर्न आर्थिक मामिला मन्त्रालयले पत्राचार गरेको हो । थपिएका योजना प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले १२ र २० चैतमा दुईपटक सम्बन्धित मन्त्रालयमा थपिएका योजना प्रदेश सरकारको बजेट सूचनाप्रणाली (पीएलएमबीआईएस)मा प्रविष्ट गर्न पत्राचार गरेको थियो ।

आर्थिक मामिला मन्त्रालयले अर्थ विविध शीर्षकमा रहेको बजेटबाट खर्च गर्न सकिने गरी योजना कार्यान्वयनका लागि पत्राचार गरिएको थियो । आर्थिक मामिला मन्त्रालयसँग अर्थ विविध शीर्षकमा ४ अर्ब २६ करोड ५० लाख ३ हजार ८५ रुपैयाँ रहेकोमा पुँजीगततर्फको ९९ करोड ३६ लाख २० हजार बजेटबाट योजना थपिएको हो । आर्थिक मामिला मन्त्रालयका उपसचिव लक्ष्मी रिमालले सम्बन्धित मन्त्रालयबाटै प्रदेश सरकारको बजेट सूचना प्रणाली (पीएलएमबीआईएस)मा योजना विवरण प्रविष्ट भएर नआएकाले बजेट दिन नसकिएको बताए । समय अभावलगायत कारणले योजना कार्यान्वयन हुन नसक्ने कुरा आएको रिमाल बताउँछन् ।

नेकपा एमालेका प्रमुखसचेतक मधुसूदन पौडेलले चालू आवमै थप गरिएको योजना कार्यान्वयनमा जान नसकेको जानकारी दिए । प्राविधिक समस्याका कारण यसवर्ष कार्यान्वयनमा जान नसक्ने भएको तर, आगामी आवमा ती योजना समेट्ने गरी प्रक्रिया अगाडि बढेको उनले जानकारी दिए । बजेट तथा कार्यक्रम व्यवस्थापन विशेष समिति संयोजकसमेत रहेका कांग्रेसका मुख्यसचेतक गोविन्द लम्सालले प्रदेशसभाबाट पास भएको विषय कार्यान्वयनमा जानुपर्ने बताउँछन् । एमाले नै सरकारमा रहेर योजना कार्यान्वयन गर्नबाट पछि हटेको बताउँदै लम्सालले कांग्रेस भने कार्यान्वयन गर्नुपर्ने पक्षमा रहेको बताए ।

### निरन्तरको लफडाले कार्यान्वयनमा गएन

१ असार २०८० मा बागमती सरकारले ल्याएको चालु आर्थिक वर्ष २०८०/८१ को बजेटमा महत्वपूर्ण योजना छुटेको भन्दै नेकपा एमाले र राप्रपाले प्रदेशसभा अवरोध गरेर बजेट पारित नै गर्न दिएनन् ।

त्यसपछि १८ असारमा एमाले र राप्रपा सांसदले दिएका योजना बजेटमा समावेश गर्ने सहमति भयो । सहमतिपछि २० असारमा बसेको मन्त्रिपरिषद् बैठकबाट बजेटमा योजना समेट्ने निर्णय भएको हो । तर, सरकारले एमाले र राप्रपाका सांसदको योजना बजेटमा समावेश नगरेपछि १५ फागुनमा सुरु भएको प्रदेशसभाको हिउँदे अधिवेशनमा विपक्षी दलहरुले विरोध जनाएका थिए ।

त्यसपछि सरकार र विपक्षी दलको छलफलबाट संसदीय विशेष समिति गठन गर्ने सहमति भयो । समिति संयोजक लम्सालले ६७ करोडका योजना कार्यान्वयनका लागि सरकारलाई सुझाव दिएको जानकारी दिए । वर्षदिन नै बजेटको लफडामा सरकार रुमल्लिँदा प्रदेशसभा लामो समय ठप्प हुन पुगेको थियो । गत असारदेखि ठप्प प्रदेशसभाको गतिरोध फागुनमा आएर हट्दा महत्वपूर्ण कानुन निर्माण र संशोधन गर्न नसकिएको सरकारले बताउँदै आएको छ । तर, वर्ष दिनभर लफडा निम्त्याएको विषय अन्तत: कार्यानवयनमा नजानुलाई प्रदेशसभालाई राजनीतिक दलहरुले स्वार्थअनुसार प्रयोग गर्ने थलोको रुपमा विकास हुन लागेको टिप्पणी छ ।

राप्रपा संसदीय दलका नेता उद्धव थापाले आगामी वर्ष थपिएका योजना कार्यान्वयन गर्ने विश्वास सरकार पक्षले दिलाएको बताउँदै प्रदेशसभामा गलत नजिर बस्न पुगेको स्वीकार्छन् । 'गलत नजिर बस्न पुगेको हो । तर, सरकारपक्षले प्रतिपक्षलाई बजेट नै दिन नहुने जुन व्यवहार छ त्यो अन्यायपूर्ण थियो । आफ्नो क्षेत्रमा बजेट लैजानकै लागि वर्षदिन संघर्ष गर्नुपरेको थियो,' थापाले भने, 'सत्तापक्षका समानुपातिक सांसदले ५ करोड बजेट लैजाँदा प्रतिपक्षका प्रत्यक्ष निर्वाचित सांसदको ८ लाखको पनि योजना नपाउनु राम्रो होइन,' प्रदेश सरकारका उच्चस्तरका एक कर्मचारी भन्छन्, 'आर्थिक वर्षको अन्तिममा आएर ठूलो संख्याका योजना थप्नु नै गलत थियो । प्रदेशसभामा गलत नजिर बस्न पुग्यो । आगामी दिनमा राजनीतिक स्वार्थ अनुसार प्रदेशसभा यसैगरी प्रयोग नहोला भन्न सकिन्न,' ।

### यस्ता थिए टुक्रे योजना

थप गरिएका योजना ५ लाखदेखि ५० लाखसम्मका छन् । कुलो, मन्दिर, आर्यघाटदेखि सडक निर्माणसम्मका योजना थिए । सबै टुक्रे योजना भौतिक पूर्वाधार विकास मन्त्रालय, खानेपानी, ऊर्जा तथा सिंचाइ मन्त्रालय, पर्यटन, उद्योग तथा सहकारी मन्त्रालय, सामाजिक विकास मन्त्रालय र वन तथा वातावरण मन्त्रालयसँग सम्बन्धित थिए । भौतिकमा सडक स्तरोन्नति तथा निर्माण, भवन, कुलो, कल्भर्ट, मन्दिर, आर्यघाट निर्माण तथा मर्मतका लागि योजना थिए ।

खानेपानी ऊर्जा तथा सिंचाइमा खानेपानीका योजना, तरकारी बजार व्यवस्थापन, पहिरो नियन्त्रण, ढल व्यवस्थापनका टुक्रे योजना छन् । पर्यटन मन्त्रालयमा संस्कृति तथा पर्यटकीय क्षेत्रको सम्भाव्यता अध्ययन गर्ने, मन्दिर संरक्षणका कार्यक्रम, गुठी, पाटी, सत्तल, विहारका निर्माण तथा स्तरोन्नति, बालउद्यान, पार्क निर्माण गर्नेलगायत योजना थप भएको समितिको प्रतिवेदनमा उल्लेख छ ।

सामाजिक विकास मन्त्रालयमा वितरणमुखी बजेट थप भएका छन् । लक्षितवर्गका लागि तालिम, गोष्ठी, सेमिनार, जनचेतना मूलक कार्यक्रम समावेश छन् । साथै, विद्यालय सभाहल निर्माण, शौचालय निर्माण, सानाखालका खेल पूर्वाधार, फर्निचर खरिदलगायत योजना थपिएको छ । वन तथा वातावरण मन्त्रालयको नदी नियन्त्रण तथा वाल निर्माण, शिवपुरी जंगल सफारीका लागि पूर्वसम्भाव्यता अध्ययन गर्ने, रानीवनमा टुरिजम पार्क बनाउनेलगायत साना योजना समावेश छन् ।

# सडकपेटीमा फलामे बारको बिरोध

साझाकुरा संवाददाता

हेटौंडा, २० जेठ/ हेटौंडा-१० सीमाचोकबाट टिसिएन रोडतर्फ निस्कने सडकको दायाँबायाँ फलामे बार निर्माण कार्य रोक्न स्थानीय घरधनी तथा व्यावसायीले माग गरेका छन् ।



उच्चअदालत पाटन, हेटौंडा इजलासले टीसीएनरोड क्षेत्रमा फलामे बार निर्माणको काम तत्कालका लागि रोक्न अल्पकालीन अन्तरिम आदेश जारी गरेको भएपनि वडा कार्यालयले निर्माण कार्यलाई निरन्तरता दिँदा स्थानीय आन्दोलित बनेका छन् । उच्चअदालत पाटन, हेटौंडा इजलासका न्यायाधीश मीना गौतम सेडाईंको एकल इजलाशले जेठ २३ गते शुक्रबारसम्म निवदेकको घरमा प्रवेश गर्न असर पर्ने गरी फलामको पोल, फलामको रेलिङ लगाउने कार्य नगर्न नगराउन अल्पकालीन अन्तरिम आदेश जारी गरेको थियो ।

अदालतको आदेशको अवहेलना गर्दै वडा कार्यालयले प्रहरी परिचालन गरी निर्माण कार्यलाई निरन्तरता दिएपछि स्थानीय घर धनीले आइतबार संयुक्तरुपमा पत्रकार सम्मेलन गरी निर्माणकार्य रोक्न सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन् । उनीहरुले ध्यानाकर्षण गराउँदै गर्दा सडकपेटीमा फलामे बार निर्माण गर्ने कार्य सकिएको वडा कार्यालयले जनाएको छ ।

गत मंगलबार १० नम्वर वडा कार्यालयले यो सडकको किनारमा फलामे बार राख्ने काम सुरु गरेको थियो । स्थानीयले फलामे बार निर्माण गर्दा घरभित्र छिर्ने बाटो नै अवरुद्ध हुने र पसल व्यावसायमा समेत असर पुग्ने भन्दै अदालतमा रिट निवेदन दर्ता गराएका थिए । स्थानीय गोपाल श्रेष्ठले दिएको रिट निवेदनमाथि अदालतले २३ गतेसम्म काम नगर्न, नगराउन अल्पकालीन आदेश दिएको थियो ।

कानूनी राज्यमा कानूनको उल्लङ्घन भएको भन्दै स्थानीयले गुनासो गरेका छन् । उनीहरुले कुनैपनि निर्माण कार्य अघि बढाउँदा स्थानीयको सहमति लिएर मात्रै गर्नुपर्ने माग राखेका छन् । कुनै सूचना, टेन्डर, तथा कोटेशन ननिकाली टिसिएनरोड क्षेत्रको आवश्यकता विपरित बजेट दुरुपयोग गर्ने उद्देश्यका साथ वडा कार्यालयले फलामे बार निर्माण गरेको आरोप स्थानीयले लगाएका छन् ।

वडा कार्यालयले भने सडक पेटीमा हिड्ने यात्रुको सुरक्षाको लागि फलामे बार निर्माण गरिएको बताउँदै आएको छ । अदालतले काम रोक्न दिएको आदेश वडा कार्यालयमा प्राप्त नभएको बताइएको छ ।

# एमाले अधिवेशन: ७६५ मत खस्यो, आज मतगणना

साझाकुरा संवाददाता

हेटौंडा, २० जेठ/नेकपा एमाले मकवानपुरको १२ औं अधिवेशनअन्तर्गत् आइतबार नेतृत्व चयनका लागि मतदान भएको छ । नेकपा एमाले मकवानपुरको चुनावी मैदानमा ४ जना नेतृत्वका लागि होमिएका छन् ।

कुल ७७७ मतमा ७६५ मत खसेको १२ मतदाता अनुपस्थित भएको बताइउको छ । मतगणना सोमबार बिहान ७ बजे पशुपति मन्दिरको सभाहलमा हुने निर्वाचन समितिले जानकारी दिएको छ ।

अध्यक्ष पदका लागि शनिबार ६ बजेभित्र ५ जनाको उम्मेदवारी परेको थियो । रघुनाथ खुलाल, श्रीधर पोखरेल, इन्द्रमान स्याङ्तान, लालबहादुर थापा र देवराज रिमालले मनोनयन दर्ता गराएका थिए । आइतबार रघुनाथ खुलालले ईन्द्रमानलाई समर्थन गर्दै आफ्नो उम्मेदवारी फिर्ता लिएका हुन् । निर्वाचन समितिका सुजन तिमल्सिनाकाअनुसार खुलालले उम्मेदवारी फिर्ता लिएका हुन् । निर्वाचन समितिले बिहान ९ बजेभित्र उम्मेदवारी फिर्ताका लागि समय सीमा तोकेको थियो ।

एमाले मकवानपुरको अध्यक्षमा चार जनाबीच प्रतिस्पर्धा भएको छ । पोखेल, थापा, स्याङ्तान र रिमालको उम्मेदवारी कायम छ । श्रीधरलाई कृष्ण दाहालले समर्थन गरेका छन् । स्याङ्तानलाई पार्टी पोलिटब्युरो सदस्य तथा जिल्ला इञ्चार्ज देवी ज्ञवालीको उम्मेदवारका रुपमा हेरिएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

ELITE AIMERS INSTITUTE The Dream into AIM
लोक सेवा आयोग
बागमती प्रदेश तह ५ को पत्रको तयारी कक्षा
सेना तथा प्रहरी तर्फको विभिन्न तहको तयारी कक्षा
शिक्षक सेवा | बैंकिङ कक्षा तयारी
खरिदार | नेपाल विद्युत प्राधिकरण
नायब सुब्बा | नेपाल टेलिकम तह ४
अनुसन्धान सहायक सूचक
नेपाल प्रहरी जवानको लिखित, नयाँ तयारी कक्षा

- शान्त तथा स्वच्छ वातावरण
- हरेक हप्ता Model Test
- दक्ष तथा अनुभवी शिक्षक
- Handsout को व्यवस्था

आफ्नो सिट सुरक्षित गर्न तुरुन्त सम्पर्क गर्नुहोला ।

Elite Aimers Institute
Hetauda-4, Parijathpath, (Infront of Hetauda Campus)
Contact No.: 057-590096,
9855057021,9804219546, 9855078775

ड्राइभिङ सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:
- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालय: सितलमहल चोकबाट ॐ हल जाने बाटोमा
प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
के. के. ड्राइभिङ प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# ज्येष्ठ नागरिक सेवाकेन्द्र सञ्चालन

हेटौंडा उपमहानगरमा पहिलोपटक ज्येष्ठ नागरिक दिवा सेवाकेन्द्र सञ्चालनमा आएको छ । हेटौंडा उपमहानगरपालिका वडा नम्बर २ मा ज्येष्ठ नागरिक दिवा सेवाकेन्द्र सञ्चालनमा आएको हो । विश्व बुबाआमा दिवसको अवसरमा शनिबार बागमती प्रदेश सामाजिक विकास मन्त्री कुमारी मुक्तानले दिवा सेवाकेन्द्रको उद्घाटन गरिन् । हेटौंडा उपमहानगर पालिका-२ वडा कार्यालयको आयोजनामा भएको कार्यक्रममा जलेश्वर महादेव मन्दिर क्षेत्रविकास समितिको सहयोगमा सेवाकेन्द्रको शुभारम्भ गरिएको हो । सामाजिक विकास मन्त्री मुक्तानले दिवा सेवाकेन्द्रको उद्घाटन गर्दै ज्येष्ठ नागरिकका लागि सेवाकेन्द्र भेटघाट गर्ने र सुखदुःख साटासाट गर्ने थलो बन्नेमा विश्वास व्यक्त गरिन् । पछिल्लो समय जेष्ठनागरिकलाई आफ्नो सन्ततिले बेवास्था गरेको अनुभूति बढ्दै गउको छ ।

बागमती प्रदेश सरकारले नीतिगतरुपमै ज्येष्ठ नागरिकका लागि सहयोग गर्न प्रतिवद्ध रहेको बताउँदै दिवा सेवाकेन्द्रका लागि स्वयम्सेवकको पनि व्यवस्था गरिरहेको जानकारी मन्त्री मोक्तानले दिइन् । हेटौंडा उपमहानगर उपप्रमुख राजेश बानियाँले ज्येष्ठनागरिकको अनुभव, ज्ञान, सीप युवापुस्ताले ग्रहण गर्नुपर्ने बताए । यसैगरी ज्येष्ठनागरिक परिवारका संरक्षक र समाजका पथप्रदर्शक हुन् तर, हाम्रो समाजमा जेष्ठनागरिकलाई बेवास्था गर्ने गरिएको छ । जेष्ठनागरिकसँग भएको लामो समयको अनुभवलाई युवापुस्ताले प्रयोग गर्ने हो भने समाजमा ठूलो परिवर्तन हुने थियो । तर, युवापुस्ताले पाका पुस्ताको कुरा सुन्नै चाहिरहेको छैन । पाका पुस्तासँग भएको अनुभवलाई युवापुस्ताले ब्यवहारमा उतार्ने हो भने युवापुस्ताको सफलता अझै बढ्ने थियो । पछिल्लो समय युवापुस्ता विदेशिने क्रम बढेपछि पाकापुस्ता एक्ले परिरहेका छन् । छोराछोरी विदेशमा पाका पुस्ता नेपालमा भएका कारण बिरामी पर्दा तातो पानी तताएर दिने ब्यक्ति नै पाइन छाडेको छ । दिवा सेवाकेन्द्र उद्घाटनसँगै ज्येष्ठनागरिक सम्मान तथा निमोनियाँविरुद्धको खोप लगाइएको छ । दुईसय जना जेष्ठ नागरिकलाई थर्मस वितरण गरिएको थियो । १०६ वर्षदेखि ८४ वर्ष उमेरका ५४ जना ज्येष्ठनागरिकलाई पहिलो चरणमा निमोनियाँविरुद्धको खोप लगाइएको हेटौंडा उपमहानगरपालिका वडा नं. २ का वडाअध्यक्ष बिष्णुगोपाल महर्जनले जानकारी दिए ।

पहिलोचरणमा सबै ज्येष्ठनागरिकलाई खोप लगाउन सम्भावना नभएका कारण ८४ वर्षभन्दा बढी उमेर समूहका जेष्ठनागरिकलाई खोप लगाउने ब्यवस्था गरिएको बताइउको छ । आगामी वर्षबाट कार्यक्रमलाई निरन्तर रुपमा अगाडि बढाइने वडाअध्यक्ष महर्जनले बताएका छन् । ज्येष्ठनागरिकको स्वास्थपरीक्षण गरिएको कार्यक्रममा सुगर, प्रेसर र अन्य स्वास्थ्यअवस्थाको जानकारी लिएर मात्रै खोप लगाइएको थियो । अहिले हेटौंडा उपमहानगरपालिका २ नम्बरमा ६ सय १३ जना ज्येष्ठ नागरिकले सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका छन् । सामाजिक सुरक्षा भत्ता २ नम्बर वडाबाट प्राप्त गरिरहेका तथा २ नम्बर वडामा स्थायी बसोबास गरिरहेको ज्येष्ठ नागरिकलाई खोप लगाइएको हो । जेष्ठनागरिक सम्बन्धी ऐन, २०६३ ले ६० वर्ष पूरा भएकालाई ज्येष्ठ नागरिकको परिभाषामा समेटेको छ । अन्य व्यबस्था बाहेक सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न भने ६८ वर्ष पूरा भएको हुनुपर्ने ब्यबस्था सामाजिक सुरक्षा ऐनले गरेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८१ जेठ २२ गते मंगलबार ४ जुन २०२४ । त्रयोदशी, जेष्ठ कृष्णपक्ष । बछलागा ११४४ ने.सं. । सूर्योदय ५:१०, सूर्यास्त ६:५५ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : दाम्पत्य जीवन सुखद बन्नेछ | **तुला** | : अधिकार सुरक्षा गर्न जुट्नुपर्नेछ |
| **वृष** | : आम्दानी राम्रो हुनेछ | **वृश्चिक** | : यात्रामा खर्च बढ्नेछ |
| **मिथुन** | : आतिथ्यपूर्ण सम्मान पाइनेछ | **धनु** | : मौकाको फाइदा लिन सकिनेछ |
| **कर्कट** | : प्रेमको बन्धन कसिन सक्नेछ | **मकर** | : शत्रु र रोगबाट छुटकारा मिल्नेछ |
| **सिंह** | : चुनौतीहरु देखा पर्न सक्नेछ | **कुम्भ** | : मुद्दा-मामिलामा विजयी भइनेछ |
| **कन्या** | : व्यवसायमा सामान्य फाइदा हुनेछ | **मीन** | : लगनशीलताले उपलब्धि दिलाउनेछ |

# संघीयतालाई अप्ठ्यारोमा पार्दै बेरुजु



✍ बालकृष्ण मैनाली

देशले भर्खरै गणतन्त्र मनायो । गणतन्त्रको विषयलाई लिएर थुप्रै विद्वान्हरुदेखि लिएर देशका प्रथम राष्ट्रपति डा. रामवरण यादव, प्रथम महिला राष्ट्रपति विद्यादेवी भण्डारी, पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईलगायत अन्य राजनीतिक नेतृत्वहरुका आलेखहरुले खबर बजार राम्रैसँग गर्मायो। सार्वजनिक भएका ती आलेखहरुमा उल्लिखित गणतन्त्रका फाइदाबारे र सबै वर्ग, तह, तप्का र जातजातिहरुका राज्यमा पुगेका सहज पहुँचबारे आएका धारणा मिथ्यापरक पटक्कै होइनन् । तथापि वर्तमान अवस्थालाई देखाएर १८ वर्षको उपलब्धि मनग्गे भयो भन्नुचाहिँ अलि अतिशयोक्ति नै भयो कि भन्ने जनजनको गुनासो छ । विश्व परिवेशलाई नियाल्ने हो भने जुन रफ्तारले विश्वमा परिवर्तन आएको छ, त्यसको हावा मात्रले पनि हाम्रो देश जुनसुकै व्यवस्था अँगालेको भए पनि आजको अवस्थासम्म आइपुग्थ्यो । यस मानेमा अहिले देखिएका केही प्रगति विश्व रंगमञ्चबाट प्रभावित भएको हो भन्न कन्जुस्याइँ गर्न पर्दैन ।

गणतन्त्र दिवसको उपलक्षमा प्रकाशित आलेखहरुकै कुरा गर्दा, देशको जेठो पत्रिका गोरखापत्र दैनिकमा कांग्रेसका कृष्णप्रसाद सिटौला जसले शान्तिसम्झौताका लागि उल्लेख्य भूमिका निर्वाह गरेका थिए, उनको पनि एउटा आलेख सार्वजनिक भएको थियो । त्यस आलेखमा उनले पूर्वराजा ज्ञानेन्द्रले दरबार छाड्ने, उहाँकी आमा रत्नराज्य लक्ष्मीलाई नारायणहिटी दरबारमा बसोबासको लागि स्थान उपलब्ध गराउने र पूर्वराजा ज्ञानेन्द्रलाई नागार्जुन दरबार उपलब्ध गराउनेदेखि बाहेक अन्य कुनै विषयमा सम्झौता नभएको बताएका छन् । यो भनाइले जनजन थप अन्योलमा परेका छन् । यदि भविष्यमा संघीयताले मूर्तरुप लिने हो भने यो कुराको छिनोफानो सकेसम्म चाँडो हुनुपर्दछ भन्ने जनजनको बुझाइ रहेको छ । पूर्वराजा ज्ञानेन्द्रले दरबार छाड्दा दलहरुसँग छुट्टै सम्झौता भएको, उक्त सम्झौता दलहरुले पालन नगरेको कुरा बेलाबेलामा वताउँदै आइरहेका छन् तर दरबार र दलहरुबीच सेतुको काम गरेका सिटौलाले त्यस्तो विशेष किसिमको कुनै समझदारी नभएको अर्थात् राजनीतिक समझदारी नभएको बताएका छन् । वास्तविकता के हो भन्ने कुरा दलहरु र पूर्वराजासहितको यो विषयमा संयुक्त धारणा जति सक्दो छिटो जनसमक्ष ल्याइनुपर्दछ । यो विषयलाई आ-आफ्नो राजनीतिक स्वार्थमा लटपट्याएर रोकिराख्नु उपयुक्त हुँदैन । जति-जति यो विषय सार्वजनिक गर्न ढिला गरिन्छ, एकातिर त्यति-त्यति दलहरुप्रतिको जनविश्वास थप खस्किँदै जान्छ भने राजावादीहरुमै पनि पूर्वराजाप्रतिको आइरहेको सकारात्मक धारणा वितृष्णामा रुपान्तरण हुन जान्छ । दुवै पक्ष अर्थात् पूर्वराजा र दलहरुको आ-आफ्नो बचेखुचेको साखलाई जीवन्त राखिछोड्ने हो भने पनि वास्तविकता जनसमक्ष ल्याउन ढिलाइ गरिनुहुँदैन । गणतन्त्रलाई अर्थपूर्णरुपमा संस्थागत गर्दै लैजाने हो भने जनजनको प्रत्येक आशंकालाई सार्थक सम्बोधन मार्फत चिर्दै जानुपर्दछ । अन्यथा बेलाबेलामा भन्ने गरिएको जो जोगी आए पनि कानै चिरेको भन्ने उखान चरितार्थ हुन जान्छ ।

अर्को महत्वपूर्ण कुरो हो बेरुजु । बेरुजु नामको शब्दले वर्षौंदेखि संघीयतालाई चुनौती दिँदै आइरहेको छ । त्यसले हद पार गरिसकेको छ । महालेखाले सार्वजनिक गरेको आफ्नो भर्खरैको प्रतिवेदनमा देशको बेरुजु झन्डै १४ खर्ब पुगेको जनाएको छ । झन्डै देशको एक वर्षको बजेट बेरुजुले ओगटेको छ । देशको लागि यो भन्दा कहाली लाग्दो विषय अन्य के हुन सक्ला ? वर्षौंदेखि थपिँदै गइरहेको बेरुजुको कारण गणतन्त्र, संघीयताका शब्दहरुसमेत ओझेलमा पर्दै गइरहेका छन् । महालेखाको यो पछिल्लो प्रतिवेदनलाई आधार मान्ने हो भने देशमा गणतन्त्र र संघीयताले जनजनको प्रत्येक समस्यालाई सार्थक सम्बोधन गर्छ भन्ने कुरा जनजनले नपत्याउने अवस्थामा पुग्न लागिसकेको छ । प्रतिवेदनले औंल्याएको बेरुजु रकमबारे सामाजिक सञ्जालदेखि विद्युत्तीय सञ्चार अनि छापा सञ्चारसमेतमा थरीथरीका शीर्षकमार्फत खबर बजारमा सार्वजनिक गरिएको खबरलाई हेर्ने हो र पढ्ने हो भने, संघीय सरकारलगायत प्रदेश सरकारदेखि लिएर स्थानीय सरकारको नेतृत्व गरिरहेका जनप्रतिनिधिहरुसमेत एकाध अपवादलाई छोडेर जनताको आँखामा आँखा जुधाएर कुरा गर्ने र छलफल गर्ने हैसियत राख्दैनन् भन्दा अतिशयोक्ति हुनेछैन । महालेखाको प्रतिवेदनअनुसार हालसम्मको अद्यावधिक बेरुजु र कार्यवाही गरी टुंग्याउनुपर्ने रकम मात्र झन्डै पुग नपुग १२ अर्ब देखिन आउँछ । प्रतिवेदनले सबैभन्दा धेरै बेरुजु अर्थ मन्त्रालयमा देखाएको छ । प्रदेशहरुमा देखिन पुगेको बेरुजुको चित्र पनि डर लाग्दो अवस्थामा रहेको छ, जसअनुसार मधेस प्रदेशमा ८ अर्ब ३१ करोड ८ लाख, कोशी प्रदेशमा ५ अर्ब ५८ करोड ४ लाख, बागमतीमा ४ अर्ब २८ करोड ५ लाख, गण्डकी प्रदेशमा २ अर्ब ६८ करोड ५५ लाख, लुम्बिनी प्रदेशमा ३ अर्ब २ करोड ९ लाख, कर्णाली प्रदेशमा ३ अर्ब ९४ करोड ८२ लाख र सुदूरपश्चिम प्रदेशमा २ अर्ब ६८ करोड २९ लाख रहेको प्रतिवेदनले देखाएको छ । देशमा यत्रो आर्थिक बेथिति र विचलन हुँदा पनि संघीय गणतन्त्रका शासकहरु बोलीबाट यसलाई हामी सुर्धाछौं भन्नेबाहेक कार्यान्वयन तहमा फिटिक्कै लागि नपरेको पुष्टि गर्दछ । अहिले पनि किञ्चित लज्जाबोध उनीहरुमा देखिँदैन । भर्खरै पेस गरिएको बजेटमा पनि देशमा देखा परिरहेको कहाली लाग्दो बेरुजु असुलउपर गर्ने स्पष्ट नीति तथा कार्यक्रमको खाका देखिँदैन ।

पटक-पटक देखिइरहेका र दोहोरिरहेका यी र यस्ता उदाहरणले के कुरा प्रमाणित गर्दछ भने, कुनै अमुक व्यवस्थाले वा सिद्धान्तले देशलाई समृद्ध बनाउँछ भन्ने अवधारणालाई पुन: गलत साबित गरिदिएको छ ।

विश्वका धेरै राष्ट्रहरु वर्तमान अवस्थामा विकसितरुपमा देखा पर्नुका कारणहरुमा त्यस देशमा अपनाइएको व्यवस्थालाई हृदयदेखि नै अंगीकार गरी राज्यका सञ्चालकहरुले सही सम्बोधन गर्न सकेको कारणबाट नै हो भन्नेमा विमति छैन । देश सञ्चालन गर्ने सञ्चालकहरुमा त्याग, क्षमा र धैर्यता यी तीन गुणहरु भएको हुनै पर्दछ । त्याग, क्षमा र धैर्यता राज्य सञ्चालकका महत्वपूर्ण गुणहरु मानिन्छन् । नेताहरुमा पनि यी गुणहरुको अनिवार्यता मानिन्छ र त्यस्ता गुण भएका नेतृत्वकर्ताहरुले मात्र आम जनताका समस्यालाई सही सम्बोधन गर्ने क्षमता र सामर्थ्य राख्दछ । कम्तीमा विशेष कारणवश समस्या सम्बोधन गर्न कठिनाइ पर्न गएको अवस्थामा पनि देशलाई भड्खालोमा हाल्ने कामचाँहि गर्दैनन् । बीपी कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, मदन भण्डारी, मनमोहन अधिकारी यी यस्ता व्यक्ति हुन्, जसले देशको समस्याको सार्थक सम्बोधन गर्ने प्रयास त गरे तर सफल हुन सकेनन् । तथापि देशलाई आजको जस्तो अवस्थामा पुऱ्याउने कामचाहिँ गरेनन् ।

देशको विकासबारे आजको परिवर्तित अवस्थासम्म आइपुग्दा राष्ट्रले विकासको क्षेत्रमा जुन फड्को मार्नुपर्ने थियो, त्याग, क्षमा र धैर्यताको अभावमा केही अपवादबाहेक नेतृत्वमा पुगेकाहरुले अर्थपूर्ण पहल गर्नै सकेनन् । त्याग, क्षमा र धैर्यताको गुण नभएको नेतृत्व राज्यसत्तामा हाबी भइदिँदा परिवर्तनसहितको विकास त परै जाओस्, विकासका लागि पूर्वाधारका रुपमा रहेका धरोहर समेत मासिन पुगेको इतिहास हाम्रै सामु ठिंग उभिएर गिज्याइरहेको छ । २०४६ मा प्रवेश गरेको बहुदलीय व्यवस्थादेखि आजसम्म आइपुग्दा २०४७ सालको केही समयसम्म रहेको राजनीतिक स्थिरतालाई बिर्सिदिने हो भने संविधान र कानुनलाई आ-आफ्नो अनुकूल प्रयोग गर्ने परिपाटी र भ्रष्टाचारजन्य कार्यले नसोचेको रुपमा मौलाउने मौका पायो । महालेखाको पछिल्लो प्रतिवेदनलाई दृष्टिगत गर्दा पनि निर्वाचित जनप्रतिनिधिहरुले आफ्ना दलका घोषणापत्रमा उल्लिखित र आफूद्वारा घरदैलो कार्यक्रममा जनाइएका प्रतिबद्धताहरुलाई सम्बोधन गर्ने भन्ने कुरा मात्र नाटक रहेछ भन्ने प्रमाणित भएको छ । जनजनमा अब के विश्वासले पनि जरो गाडिसकेको छ भने, वर्तमान महालेखा परीक्षकको प्रतिवेदन त मात्र खालि नाङ्गो आँखाले देखिएका कैफियत मात्र हुन् । यदि कुशल नेतृत्वको हातमा सत्ता पुऱ्याउन जनजन सफल भए र गहिरिएर अनुसन्धान गर्नुपर्ने अवस्था सिर्जना हुन सक्यो भने यो भन्दा कहाली लाग्दो तस्वीर जनजनको सामुन्ने प्रदर्शित हुनेछ भन्नेमा शंका छैन ।

विभिन्न चरणका आन्दोलनहरुबाट खारिएर आएका भनेका नेतृत्वहरुले राष्ट्रलाई विकासको फड्कोमा रुपान्तरण गर्नै सकेनन्। जनताले अपेक्षा गरेअनुसारको सम्बोधन गर्न प्रत्येक शासक असफल रहे। सत्तामा पुगेपछि जनताको जीवनस्तरमा कायापलट ल्याउँछु भनी हुँकार गरेर हिँड्ने नेताहरु आफू सत्तामा पुगेपछि आफूले गरेका बाचाबन्धनहरु सबै बिर्सेर मात्र सत्तामा आफ्नो र आफ्नो गुटको मात्र हालिमुहाली कसरी हुन सक्छ भन्नेमै ध्यान केन्द्रित गराए । इमानदारिता देखाउन सकेको भए अथवा सत्तामा पुग्नुअगाडि बनाइएका खाका तथा योजनाहरु कार्यान्वयन हुन सकेको भए देशले आजको अवस्थाभन्दा धेरै उचाइ हासिल गरिसक्थ्यो। सत्तामा पुगेपछि यी कुरालाई नेतृत्वले जनसमक्ष पस्कनै सकेन। राणाशासन र पञ्चायत व्यवस्थाले जनहितमा सम्बोधन गर्न सकेन भन्दै जनताको सहयोग, माया तथा बलिदानबाट वर्तमानकालसम्म आइपुग्दा पनि नेतृत्वहरु एक-अर्कामाथि आरोप, प्रत्यारोप, भ्रष्टाचार, बेथिति तथा गुटबन्दीकै सेरोफेरोमा र हेर राज्यसत्तालाई घुमाइरहे । जसको कारण देखिएका समस्या र बेथिति नियन्त्रण हुनु कता हो कता, नयाँ-नयाँ समस्याहरुको जन्म दिने र न्वारान गर्ने कार्यहरु मौलाउन पुग्यो, जसको निरन्तरता अझैसम्म जारी नै छ । पछिल्लोपटक पर्दाफास भइरहेको सहकारी काण्ड पनि यसैको एउटा रुप हो ।

*(साभार: नेपाल समाचार-पत्र)*

# 'तराईमा पानीको स्रोत जोगाउन चुरेमा जंगल बचाउनै पर्छ'

✍ डा. नागेन्द्र यादव, चुरेविद्

तिब्बती र भारतीय प्लेटको टकरावले बनेको हिमालय शृंखलाको मुनि महाभारत पर्वत शृंखला छ । त्यसको ठीक मुनि चुरे क्षेत्र छ । तराईभन्दा माथि र मध्यपहाड भन्दा मुनिको पूर्व-पश्चिम फैलिएको एउटा साँघुरो भूभागलाई हामी चुरे भनेर चिन्दछौं । चुरे सबैभन्दा कान्छो पहाड हो । यो कमजोर र कमलो पनि छ । चुरेमा बलौटे माटो र स-साना ढुंगाहरू पाइन्छन् । तुलनात्मक रूपमा पश्चिममा केही कडा माटो र पहाड होला, तर पूर्वमा भने चुरे निकै कमजोर छ । चुरे नेपालको पूर्वदेखि पश्चिमसम्म फैलिएको छ । नेपालको कुल क्षेत्रफलको १२.७८ प्रतिशत क्षेत्र चुरेले ओगटेको छ । अहिले ३७ जिल्ला चुरे क्षेत्रमा पर्छन् । चुरेको चौडाइ भने ठाउँ अनुसार फरक छ ।

कैलालीमा चुरेको सबैभन्दा ज्यादा फैलावट छ भने सिन्धुली लगायत आसपासका जिल्लामा कम छ । बर्दिबासबाट माथि लाग्दा सिन्धुलीको कमला नदीको केही भाग मात्रै चुरे हो । चुरे क्षेत्रमा मकवानपुरको हेटौंडा, दाङको घोराही, तुलसीपुर, उदयपुरको गाईघाट र कटारी जस्ता बजार र साना शहर पर्छन् । तराईको तुलनामा चुरेमा बढी पानी पर्छ । चुरे तराईको पानीको प्रमुख स्रोत पनि हो । त्यसैले चुरेलाई तराईको लाइफलाइन पनि भनिन्छ । पानी सोसेर पुनर्भरणको काम तराईका लागि चुरेले गरेको हुन्छ । तराईमा पानी पर्नुको एउटा कारण चुरे पनि हो । चुरेबाट उत्पन्न भएका कतिपय खोला नदीमा अहिले पनि १२ महिना नै पानी बग्छ । तर सुख्खा बढ्यो भने त्यो पानी तलसम्म पुग्दैन । यसरी चुरेको विनाशसँगै पानीको मात्रा पनि घट्दै जाने भयो ।

चुरेबाट हरेक वर्ष ठूलो मात्रामा माटो, गेगर र ढुंगाहरू खोला, नदी र खहरेले बगाउँदै तल पुऱ्याएको देखिन्छ । त्यसले गर्दा पूर्व-पश्चिम राजमार्गका कैयौं सडक र पुलहरू माटोले पुरिएका छन् । पहिले नदीहरू गहिरा थिए, तर पछि पुरिँदै गएपछि फैलिएर चौडा बनेका छन् । गेगर र हिलोले कैयौं पुल र सडक पुर्ने अवस्था आएको छ । तराईका कतिपय बस्ती खोलाको सतह मुनि परेका छन् । सप्तरीको राजविराज लगायत कतिपय क्षेत्रमा नदीमा बाढी आयो कि बस्तीमा पस्ने समस्या देखिएको छ । बगेर आएको माटो र गेगरले ती नदीहरू बस्ती भन्दा पनि अग्लो भएका छन् ।

यसरी तराईका प्राय: नदीहरूको सतह माथि उठेको छ । नदीमा गेगर र माटो थुप्रिएपछि पानीले धार परिवर्तन गर्छ । अवरोध भएपछि पानी अर्को धारबाट बग्न थाल्छ, अनि गाउँबस्तीमा छिर्छ । कतिपय ठाउँमा पानीको धारले जमिन खोलेर पुलका पिलरहरूलाई असर गरेको छ भने कतिपयमा माटो र गेगर थपिएकाले धार परिवर्तन भएको छ । कतिपय बाँधमा माटो पुरिएकाले सिंचाइ संरचना अवरुद्ध भएको छ ।

कुनै एउटा कारणले मात्रै चुरेको विनाश भएको होइन । सिरहाको बलान खोलामा आजभन्दा ३० वर्ष अगाडि सिंचाइका लागि ड्याम बनाइएको थियो । अहिले त्यो ड्याममा मानिस हिँडिरहेका छन् । कलकल पानी बग्नुपर्ने ठाउँमा अहिले बालुवाको खात छ । अहिले माथिपट्टि जथाभावी रूपमा कच्ची सडक खने, त्यसको माटो खोलामा आयो । अनि ड्याम र सिंचाइको कुलोमा बालुवा भरियो । स्थानीय सरकारले खोला तथा नदीनालामा पानी जम्मा गरेर ड्याम बनाउने र तल बग्न नदिने काम गर्नुपर्ने थियो ।

कमलो माटो भएकाले चुरेको माटो बढी बग्ने खालको हुन्छ । मध्यपहाडमा त्यस्तो हुँदैन, त्यहाँ पानी बगेपछि ढुंगाहरूले रोक्छन्, बलिया संरचना छन् । तर चुरेमा सानो पानी परे पनि माटो र गेगर बगिहाल्छ । चुरेमा वन र झाडीको विनाश भइरहेको छ । नांगो पहाडमा पानी पर्नासाथ त्यो जमिनमा सोसिने भन्दा पनि बग्ने क्रम बढ्छ । तर नांगिँदै गएको पहाडका कारण पुनर्भरणको सम्भावना पनि घट्दै गइरहेको छ । तराईको पानीको स्रोतलाई यथावत् राख्न पनि चुरेमा जंगल र हरियाली जोगाउनुपर्छ । चुरेमा आज एउटा रूख काटेमा भोलि नै त्यसको असर देखिन थाल्ने होइन । तर दीर्घकालीन रूपमा भने असर देखिन्छ । वनको क्षयीकरण, जथाभावी सडक निर्माण, खनजोत आदि कारणले चुरेको कमलो माटो बगिरहेको छ ।

**बढ्दो जनसंख्या, प्राकृतिक स्रोतमाथि बढ्दो दबाब**

चुरेमा अहिले जनसंख्याको चाप बढेको छ । २० वर्षअघि ३० लाख जनसंख्या भएको ठाउँमा अहिले ५० लाख पुगेको छ । तराई क्षेत्रमा बढिरहेको जनसंख्या पनि चुरेमै आश्रित हुनेभयो । तल्लो भेगमा बस्नेहरू पनि काठ, दाउरा, पातपतिंगरका लागि चुरेमै आश्रित छन् । जनसंख्या बढेसँगै चुरेमा प्राकृतिक स्रोतमाथिको दबाब बढ्दै गयो । चुरेमा पानी कम हुनुका अनेक कारण छन् । विश्वभर जलवायु परिवर्तनको असर देखिएको छ । अहिले सुख्खा सिजन चलिरहेको छ । केही वर्षयताको तथ्यांक हेर्ने हो भने वर्षभरिमा जति पानी पर्नुपर्ने थियो, त्यति नै पानी परिरहेको देखिन्छ । तर, पानी पर्ने अवधि घटेको छ । कम समयमा बढी पानी परेपछि नांगो पहाडबाट तत्काल रोडाढुंगा तल बग्छन् । छोटो अवधिमा मुसलधारे पानी पर्दा जमिनले जुन रूपमा पानी सोस्नुपर्ने हो, त्यो सक्दैन । चुरेमा पानीको पुनर्भरण कम भएपछि स्वत: त्यहाँ पानीका स्रोत सुक्ने भए ।

नेपालका खोला, नदीहरू दुई रूपमा निस्कन्छन् । एकथरी चुरे भएर निस्कन्छन्, अर्कोथरी चुरेबाट नै निस्किएका हुन्छन् । यी दुवैमा नदीजन्य पदार्थको मात्रा बढेको छ, जसले नदीको चौडाइको मात्रा बढेको छ । भिरालो क्षेत्रमा तीव्र गतिमा भूक्षय भएको छ । भिरालो क्षेत्रमा छोटो समयमा ठूलो पानी परेपछि तीव्र गतिमा तल हुत्तिन्छ, जसले ठूलो मात्रामा माटो, गेगर र साना ढुंगा बगाउँछ । अहिले तराईका कतिपय नदी र खोलाहरूबाट रोडा-ढुंगा लगायत नदीजन्य पदार्थ निकाल्ने गरिएको छ ।

नदीजन्य पदार्थ खोलानालाबाट निकाल्नुपर्छ, निकालिएन भने समस्या देखिन्छ । अहिले तराईका कतिपय गाउँहरू नदीको सतह भन्दा तल पुगेका छन् । नदी माथि पुगेको छ, गाउँ तल छ । यस्तो अवस्थामा जुन कुनै बेलामा गाउँ डुबानमा पर्न सक्ने जोखिम छ । तटबन्ध भत्किए कुनै पनि बेला बाढी गाउँमा पस्छ । त्यस्ता नदीबाट नदीजन्य पदार्थ निकाल्नुपर्छ । त्यसका लागि कुन ठाउँबाट कति मात्रामा त्यस्तो पदार्थ निकाल्ने भनेर वातावरणीय अध्ययन हुनुपर्छ ।

हामीले सुझाव दिंदा नदीको चौडाइको तीन भागमा दायाँ-बायाँ एक एक भाग छाडेर बीचको भागबाट मात्रै नदीजन्य पदार्थ निकाल्नुपर्छ भन्छौं । त्यसो हुँदा दायाँ-बायाँको भागले नदीलाई यताउता बहकिन दिंदैन । दिनप्रतिदिनको वन विनाशले पनि पानी सञ्चित हुने क्षमता घट्यो । ठूला रूख मात्रै होइन कि झाडी बुट्यान जस्ता रूखहरू पनि घटेका छन् । एकातिर सोझै पानी जमिनमा ठोक्किन्छ, छोटो समयमा ठूलो पानी पर्दा माटोले पानी सोस्ने क्षमता गुमाउँछ । यो विनाशले तल्लोतटीय क्षेत्रमा बाढीले विनाश निम्त्याउँछ । गेगरहरू थुप्रिएकाले चुरे भएर बहने खोलानदीको पानी अट्ने क्षमता घटेको छ । २० वर्षअघि त्यति पानी पर्दा बाढी आउँदैनथ्यो, अहिले आइहाल्छ । चुरे विनाश हुँदा पनि असर पर्ने तल्लोतटीय क्षेत्रमा नै हो । त्यसले सोझै बस्तीमा असर गर्छ ।

**चुरे जोगाउनु समस्याको समाधान**

पूर्वी भागको तुलनामा पश्चिम क्षेत्रको चुरे तुलनात्मक रूपमा बलियो छ । चुरेमा संकट आएको भनेकै सिरहा, सप्तरी, सुनसरी लगायत क्षेत्र बढी जोखिममा परेर हो । बनावट नै यस्तो छ कि पश्चिमको तुलनामा पूर्वी चुरेको संरचना कमलो छ । ती क्षेत्रमा ज्यादा संवेदनशील हुन र संरक्षणका कामलाई केन्द्रित गर्न आवश्यक छ । अहिले ५३ प्रतिशत जनसंख्या तराईमा छ जुन समुदाय चुरेको ठीक मुनि बसिरहेको छ । चुरेमा निम्तिने संकटले यो पार्टी, त्यो पार्टी, यो कार्यकर्ता भन्दैन । विपत्ले सबैलाई समान रूपमा व्यवहार गर्छ । त्यसैले चुरेको मामिलामा हाम्रा नीतिनिर्माताहरू राजनीतिक स्वार्थबाट माथि उठ्नुपर्छ ।

**अब चुरे संरक्षणका लागि राज्यको ध्यान केन्द्रित हुनुपर्छ**

राष्ट्रपतिको नाममा चुरे संरक्षणका लागि एउटा समिति बनाइएको छ । एउटा संस्थाको प्रयासले मात्रै यसको विनाश रोक्न र संरक्षण अघि बढाउन सकिँदैन । पानीको धार र वेग कम गर्न कतिपय ठाउँमा बाँध र चेक ड्याम बनाउने गरिन्छ । जसले माथिबाट बगेर आएको पानीको बहावको धार रोक्छ अनि गिटी-ढुंगाहरूलाई तल बग्न दिंदैन । तर त्यहाँ सङ्गृहीत भएको ढुंगा र बालुवा भने हटाउनुपर्छ, नत्र त्यसको कुनै अर्थ हुँदैन । चुरे क्षेत्रका भिरालो ठाउँमा खनजोत गर्नुहुँदैन । वर्षेनि खन्नुभन्दा लामो अवधिमा फल्ने बाली लगाउनुपर्छ, जथाभावी बाटो खोल्ने क्रमलाई बढी नै निरुत्साहित गर्नुपर्छ । हरेक ठाउँबाट माथिल्लो तहमा बाटो खोल्ने परिपाटी निरुत्साहित गर्नुपर्छ ।

अहिले जथाभावी सडक बनाउने क्रम बढेको छ । सबैलाई घरघरमा जाने बाटो चाहिएको छ । चुरे क्षेत्र भएर नै उत्तर-दक्षिण जाने बाटो बनिरहेका छन् । त्यसरी बनिरहेको सडकको माटो छेउछाउमा फाल्ने हो । अर्कोतर्फ नयाँ बनेको बाटोको माटो पनि बगेर खोलामै पुग्ने हो । यस्तो काम गर्दा कुनै पनि प्रकारको वातावरणीय परीक्षण गरिँदैन । अर्कोतर्फ स्थानीय सरकारहरूले अहिले जथाभावी रूपमा बाटोलाई प्राथमिकता दिइरहेका छन् । सिरहाको गोलबजार माथि खासै घर देखिँदैनन् । तर त्यहाँबाट माथिल्लो भेगमा जान बाटो खनिएको छ । नजिकै मिर्चैयाबाट कटारी जाने बाटो खनिएको छ ।

केही किलोमिटर भित्रै उस्तै खालको बाटो किन चाहियो भन्ने प्रश्न हो । गोलबजार बाट माथि जाने छुट्टै बाटो आवश्यक नै थिएन । रुपनीबाट गाईघाट जाने बाटो एक दशकदेखि बनिरहेको छ, जबकि त्यहाँ घरै छैनन् । सडक बनाउनुअघि यो कसका लागि हो र यसले कसलाई दीर्घकालीन असर पार्छ भन्नेबारे गम्भीरतापूर्वक सोच्नुपर्ने थियो, त्यो भएन । चुरे संरक्षणका लागि सरोकारवाला सबै निकायहरू संवेदनशील हुनुपर्छ । चुरेका खाली ठाउँहरूमा बाँस र अम्रिसो लगाउनुपर्छ । मझौला खालका रूखहरू पनि लगाउन सकिन्छ । घना जंगल भएको भए केही हदसम्म सुरक्षित हुन्थ्यो, अहिले जंगल नाश हुँदै गयो । कुनै एकाध व्यक्ति वा संस्थाको प्रयासले मात्रै चुरे जोगिंदैन । चुरे भनेको पहाड हो, त्यसलाई बचाउने र जोगाउने काम तपाईं-हामी सबैको हो ।

*(साभार: अनलाइनखबर)*

# पार्टीभित्र दबाबमा माधव नेपाल

काठमाडौं/नेकपा एकीकृत समाजवादीले १०औं राष्ट्रिय महाधिवेशनका सन्दर्भमा आयोजित पत्रकार सम्मेलनमा नेताहरूले 'सहमति' शब्दलाई जोड दिएका छन् । पार्टी अध्यक्ष माधव नेपालले सुरु गरेको सहमति शब्द त्यसपछि बोलेका पार्टीका सम्मानित नेता झलनाथ खनाल र महासचिव घनश्याम भुसालले पनि जोड दिएर उच्चारण गरे ।




अध्यक्ष नेपालले घोषणा भइसकेको महाधिवेशन समयमा नै सम्पन्न हुनेछ भन्ने कुराको सुनिश्चितता दिलाउन पत्रकार सम्मेलन आयोजना गरिएको भनेर स्पष्टीकरण दिएका थिए । 'महाधिवेशन समयमा गर्न गइरहेका छौं भन्ने सन्देश दिन यो पत्रकार सम्मेलन गर्न गइरहेका छौं', अध्यक्ष नेपालले भने, 'हामी यो सहमतिको महाधिवेशन गर्न गइरहेका छौं । नेपालको राजनीतिमा हाम्रो पार्टीले जुन निर्वाह गरिरहेको भूमिकालाई सशक्त बनाउन चाहन्छौं ।'

अध्यक्ष नेपालसँगै सम्मानित नेता खनाल र महासचिव भुसालले पनि १० औं राष्ट्रिय महाधिवेशन घोषणा भएकै समयमा सम्पन्न हुन्छ भनेर विश्वस्त तुल्याउन खोज्नु पार्टीपंक्तिमा व्याप्त दुविधालाई चिर्नु नै थियो । यसअघि गत वर्षको माघ दोस्रो साताका लागि तोकिएको महाधिवेशन यो वर्षको जेठमा गर्ने गरी सारिएको थियो ।

उपनिर्वाचन लगायत कारण सम्पन्न गर्न नसक्ने भन्दै जेठबाट असार तेस्रो साताका लागि सारिएको छ । महाधिवेशनकै लागि एकीकृत समाजवादीले चारवटा दस्तावेज तयार पारेर स्थायी समिति, पोलिटब्यूरो र केन्द्रीय समितिबाट समेत पारित गरिसकेको छ । तर पनि समयमै महाधिवेशन सम्पन्न हुनेमा पार्टीपंक्ति विश्वस्त हुन सकेको छैन । जबकी महाविधेशन पछिको नेतृत्वका लागि अध्यक्ष नेपाल र सम्मानित नेता खनालबीच नलुक्ने गरी तयारी चलिरहेको छ । खनाल र नेपालबीच पार्टी नेतृत्वको विषयमा मात्रै होइन, सुरुदेखि नै पार्टीको कार्यदिशा र पार्टी परिचालनको विषयमा पनि उत्तिकै विवाद देखिएको थियो । जसका कारण कहिले सत्ता समीकरणमा कतापट्टी रहने भन्नेमा र कहिले जारी भइसकेको 'अन्तर पार्टी निर्देशन' लाई निष्क्रिय गर्नुपर्ने अवस्था एकीकृत समाजवादीमा देखा परेको थियो ।

अहिले पनि नेपाल र खनाल पक्षबीच सत्ता समीकरणका विषयमा एकमत देखिँदैन । नेपाल वर्तमान सत्ता गठबन्धनसँग नजिक भएर पनि विपक्षीसँग छलफलमा छन् । अर्कातिर खनाल एमाले र माओवादीको गठबन्धनसँग नै सहकार्य गर्नुपर्ने पक्षमा छन् । १७ जेठमा अध्यक्ष नेपाल विपक्षी गठनबन्धनको बैठकमा सहभागी हुन कांग्रेस सभापति शेरबहादुर देउवाको निवासमा पुगेपछि पार्टीभित्रको असहमति थप सतहमा आयो । त्यसको भोलिपल्टै नेता खनाल भने प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई भेट्न बालुवाटार पुगे । जबकी खनालले अघिल्लो दिन नेपाल विपक्षी गठबन्धनको बैठकमा सहभागी हुनुको कारणबारे आफू अनभिज्ञ रहेको प्रतिक्रिया दिएका थिए ।

सत्ता गठबन्धनमा नै रहेको उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपाल विभाजन भएको केही समय नबित्दै दुई नेता दुईतिर दौडिएपछि एकीकृत समाजवादी पनि विभाजन हुनसक्ने चर्चा चलिरहेको छ । सरकारले संसदमा पेश गरिसकेको राजनीतिक दलसम्बन्धी विधेयक फिर्ता लिएपछि बजेट अधिवेशन सकिएलगत्तै अध्यादेश ल्याएर पार्टी विभाजनको वातावरण बन्नसक्ने आशंकामा अध्यक्ष नेपाल छन् ।

जसका कारण दबाबमा आएका नेपालले आइतबारको पत्रकार सम्मेलन आयोजना गरेरै सहमतिको महाधिवेशन हुन लागेको भन्दै आफ्ना कदमको एकपछि अर्को बचाउ गरे । नेपालले प्रधानमन्त्री प्रचण्ड र एमाले अध्यक्ष केपी शर्मा ओलीसँग वार्ता र संवाद जारी रहेकाले मधेश प्रदेश सरकारबारे अन्तिम निर्णय गर्न बाँकी रहेको बताए ।

यद्यपि उनले मधेशमा जसपा विभाजनपछि समस्या आएको भन्दै आफूहरू अहिलेसम्म पहिलाको सहमति अनुसार नै सरकारमा रहेको बताए । 'वार्ता र संवादहरू भइरहेका छन् । ती वार्ता र संवाद सकारात्मक छन्', अध्यक्ष नेपालले भने, 'अहिले भर्खर पनि म प्रधानमन्त्री प्रचण्डसँग छलफल गरेर यहाँ आएको छु । तर अन्तिम निर्णय गर्न बाँकी नै छ ।' देउवासँगको छलफल गर्ने क्रममा आफूले प्रधानमन्त्री प्रचण्डलाई पनि सोधेको भन्दै त्यसक्रममा प्रधानमन्त्रीले छलफल गरे पनि कमिटमेन्ट नगर्न भनेकाले कमिटमेन्ट नगरेको बताए । 'कमिटमेन्ट फाइनल नगरिदिनुहोला भनेर प्रधानमन्त्रीले भन्नुभयो', नेपालले भने, 'यसरी नै संवाद र छलफल भइरहेको छ । संवादमा विश्वास चाहिन्छ । विश्वासको आधारमा सहमति हुन्छ', नेपालको भनाइ छ ।

**जबजबाट ब्याक**

नेपाल र खनालबीच पार्टीको मार्गदर्शक सिद्धान्त के हुने भन्नेमा पनि सुरुदेखि नै विवाद थियो । नेपालले गत माघमा आयोजित पार्टीको केन्द्रीय समिति बैठक र त्यसपछि विभिन्न सार्वजनिक मञ्चबाटै 'जबजको उपादेयता अझै बाँकी रहेकोले त्याग्न नसकिने' भन्दै 'जबज समाप्त पार्न खोज्ने विचार लाई किमार्थ ठीक भन्न नसकिने' बताएका थिए ।

तर पार्टीको १०औं महाधिवेशनका लागि नेपाल स्वयंले तयार पारेको राजनीतिक प्रतिवेदनमा जबजको खुलेरै आलोचना गरेका छन् भने त्यसको सट्टामा 'नेपाली विशेषताको समाजवादी कार्यक्रम' भनेर ल्याएका छन् । एमालेलाई दक्षिणपन्थी बिसर्जनवादी गुटको संज्ञा दिएका अध्यक्ष नेपालले एकीकृत समाजवादी र एमालेबीचको भिन्नता भनेकै कार्यदिशामा रहेको उल्लेख गरेका छन् । 'हामीले मार्क्सवाद -लेनिनवादलाई मात्र पार्टीको मार्गदर्शक सिघ्द्धान्त मान्छौं भने एमालेले पार्टीको मार्गदर्शक सिद्धान्त मार्क्सवाद -लेनिनवाद र जनताको बहुदलीय जनवाद हो भन्छ', नेपालले प्रस्तुत गरेको राजनीतिक प्रतिवेदनमा एमालेसँगको भिन्नता देखाउन दिएको उदाहरणमा उल्लेख छ ।

आइतबारको पत्रकार सम्मेलनमा अध्यक्ष नेपालले नै यो सर्वसम्मतिबाट अगाडि सारिएको दस्तावेज भनेर समेत स्पष्टीकरण दिए । 'हामीले चारवटा दस्तावेज प्रस्तुत गरिरहेका छौं- राजनीतिक प्रतिवेदन, नेपाली विशेषताको समाजवादी कार्यक्रम, संगठनात्मक प्रस्ताव र विधान', उनले अगाडि भने, 'त्यसका लागि हामीले २७ सदस्यीय मस्यौदा समिति बनाएका थियौं । पार्टीको केन्द्रीय समितिबाट समेत सुझाव आए र सर्वसम्मतिबाट दस्तावेज अगाडि सारिरहेका छौं ।'

महाधिवेशनकै सन्दर्भमा नेपालले राखेका अन्य प्रस्तावहरू अस्वीकृत भएका छन् । अध्यक्ष नेपालले पार्टीको महाधिवेशनमा केन्द्रीय सदस्य स्वत: प्रतिनिधि हुने प्रस्ताव राखेका थिए । जबकी खनाल पक्षले केन्द्रीय सदस्य पनि तलका कमिटीबाट निर्वाचित भएर आएपछि मात्रै प्रतिनिधि हुन पाउने प्रावधान राख्नु पर्ने पक्षमा उभिए । अन्तत: पार्टीको सचिवालय, स्थायी समिति र पोलिटब्यूरो हुँदै केन्द्रीय समितिसम्म पुग्दा नेपालको प्रस्ताव अस्वीकृत भएर केन्द्रीय सदस्य पनि तलैबाट निर्वाचित हुनुपर्ने प्रस्ताव अघि बढेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'लण्डन टू पेरिस'ले 'रिफ्रेस' बनाउँछ : निर्देशक लामिछाने

काठमाडौं/'धौली' र 'पञ्चेबाजा'बाट मौलिक फिल्म बनाउने निर्देशकको पहिचान बनाएका घनश्याम लामिछानेले गत वर्ष प्रदर्शन भएको फिल्म 'चित्रा'मा फरक प्रयास गरे । यसमा उनले बाबु-छोरीबीचको सम्बन्धको कथामा एक्सनको स्वाद पस्किएका थिए । अब उनको नयाँ फिल्म 'लण्डन टू पेरिस' यही जेठ २५ गतेबाट प्रदर्शनमा आउँदैछ । यसमा भने उनले विदेश बस्ने युवापुस्ताको कथा भनेका छन् ।



फिल्मलाई लण्डनमा छायांकन गरिएको हो । तर, फिल्म नेपाली परिवेशको रहेको उनको जिकिर छ । उनी भन्छन्, 'यो हाम्रै कथा हो । नेपाली डायस्पोराको कथा हो । लण्डनमा बस्ने नेपाली युवाको कथा हो । हाम्रो बुझाईमा गाउँको कथा मात्र कथा हो भन्ने जुन बुझाई छ त्यो गलत हो । शेर्पा, थारु, गुरुङ, कौडालाई मात्र हाम्रो कथा मान्छौं । विदेश बस्ने नेपालीको कथा पनि हाम्रोकथा हो ।'

उनलाई बाहिर बस्ने युवापुस्ताको कथा भन्न जरुरी छ भन्ने लाग्छ । यसैले यो फिल्म बनाएको उनी बताउँछन् । 'मैले हिजोको दिनमा गाउँघरकै कथा देखाएँ । तर, आज अलिक फरक परिवेशमा नेपाली कथा नै देखाउँदैछु,' उनले भने । फिल्म हेरिरहँदा दर्शकलाई कथाबाहिर गए जस्तो नलाग्ने उनको जिकिर छ । फिल्मको कथा र पात्रसँग दर्शकहरुले अपनत्व महसुस गर्नेमा उनी विश्वस्त छन् ।

'फिल्मका पात्रसँग दर्शकले आफूलाई मज्जाले 'रिलेट' गर्न सक्नुहुन्छ । फिल्म केही 'लार्जर देन लाइफ' पनि छ । अहिले हामी एउटै फ्लेवरका फिल्म हेरेर दिक्क भइसकेका छौं । यसैले दर्शकलाई 'लण्डन टु पेरिस'ले 'रिफ्रेस' बनाउँछ,' घनश्याम सुनिए । फिल्मको कथा सशक्त रहेकाले दर्शकलाई मनपर्ने उनको दाबी छ । फिल्मको कथा र प्रस्तुतिकरण दुवै फरक रहेको पनि उनी बताउँछन् ।

ट्राभल लभस्टोरीको कथामा बनेको फिल्ममा साम्राज्ञी राज्यलक्ष्मी शाह, निश्चल खड्का, गरिमा शर्मा, कबीर खड्का, मनिष गान्धी र रुष्मा थापाको अभिनय छ । यही फिल्मबाट निश्चल र गरिमाले डेब्यु गरेका हुन् । प्रदीप भारद्वाजको कथा, पटकथा र संवाद लेखन रहेको फिल्मको निर्माताामा अमित बस्नेत, आरोन बस्नेत, एरियाना बस्नेत र परी राना छन् । फिल्ममा अभेद परवको छायांकन छ ।

# ७ वर्षपछि भेट भएका प्रेम र गीत, फिल्ममा हुँदैछ सहकार्य ?

काठमाडौं/कलाकारहरुबीच चिसो-तातो सम्बन्ध भैरहन्छ । कहिले घनिष्ट देखिन्छन् त कहिले एकअर्काको नाम पनि सुन्न चाहँदैनन् । अभिनेता प्रदीप खड्का र अभिनेत्री पूजा शर्माको हकमा पनि यी दुईवटै चरण देखियो । फिल्म 'प्रेमगीत' गर्दा उनीहरु नजिक थिए । फिल्म रिलिजसम्म आइपुग्दा सम्बन्धमा चिसोपना सुरु भइसकेको थियो । फिलम रिलिज भएपछि भने उनीहरुबीच बोलचाल नै बन्द भयो ।



'प्रेमगीत'का प्रेम र गीतको सम्बन्ध विग्रनुमा उनीहरुबीचको मनमुटावभन्दा पनि 'प्रेमगीत' निर्देशक सुदर्शन थापा र निर्माता सन्तोष सेनबीचको दरार मुख्य कारण थियो । त्यसबेला सन्तोषलाई प्रदीपले र सुदर्शनलाई पूजाले साथ दिएपछि उनीहरुबीचको सम्बन्ध चिसिन पुगेको थियो । यसपछि दुवैले एकअर्कालाई घुमाउरो रुपमा कटाक्ष समेत गरेका थिए । तर, भेट हुँदा हार्दिकता देखाउँथे ।

एकपटक फेरि उनीहरु बीच ७ वर्षपछि भेट भएको छ । शनिबार काठमाडौंमा आयोजित एक अवार्ड कार्यक्रममा पूजाले अभिनेत्री रेखा थापासँग अन्तर्वार्ता दिइरहँदा प्रदीपले त्यहीँ पुगेर भेट गरेका थिए । उनीहरुले एकअर्कासँग अंकमाल गर्दै अन्तर्वार्ता पनि दिए । प्रदीप र पूजालाई वर्षौंपछि एउटै 'फ्रेम'मा देख्दा रेखाले खुसी व्यक्त गरिन् । उनले दुवैलाई मिलेर काम गर्न पनि सुझाव दिइन् ।

लामो समयपछि भेट भएकाले हुनसक्छ, अन्तर्वार्ताको क्रममा प्रदीप र पूजा एकअर्कासँग असहजझैं देखिन्थे । दुवैले आँखा जुधाएर कुरा गर्न सकेका थिएनन् । यद्यपि, आफूहरुबीच कहिल्यै झगडा नभएको प्रदीपले स्पष्ट पारे । उनले भने, 'हामीबीच त्यस्तो ठूलो समस्या कहिल्यै थिएन । अनि हामीले आ-आफ्नै हिसाबले काम गरिरहेका थियौं ।' पूजाले पनि प्रदीपको कुरामा सहमति जनाइन् ।

यतिबेला प्रदीप र पूजाको फिल्ममा सहकार्यको चर्चा पनि चलिरहेको छ । निर्देशक सुदर्शन थापाले सम्भवत: यस वर्ष नै प्रदीपलाई लिएर लभस्टोरी फिल्म बनाउँदैछन् । त्यसमा पूजा पनि हुने निश्चित प्राय: छ । रेखाले पनि प्रदीप र पूजालाई लिएर फिल्म बनाउन लागेको चर्चा छ । यसैले अब फिल्ममा निरन्तर सहकार्यका लागि उनीहरु विगतको तिक्तता भुलेर नजिक बन्ने प्रयासमा देखिन्छन् ।

# संरक्षणको पर्खाइमा नेपालको 'छुक्छुके रेल'

धनुषा/जनकपुरधाममा नौ दशक अघि नै रेल सेवा सञ्चालन भइसकेको थियो । तत्कालिन समयमा भारतमा सखुवाको काठलगायत सामाग्री ढुवानी गर्न सञ्चालन गरिएको रेल पछि यात्रु ओसार्न प्रयोग गरियो । कोइलाबाट चल्ने रेललाई समयानुकूल डिजेल इन्जिनमा रूपान्तरण गरियो तर न्यारोगेजमै । सो सेवा पनि करिब १० वर्षअघि बन्द भयो । विगत दुई वर्षयता भने जनकपुरमा ब्रोडगेजमा रेल सेवा सञ्चालन भइरहेको छ ।

नेपालमा छुक्छुके रेल इतिहासमा सीमित हुँदा भारतको दार्जिलिङ्गमा भने अहिले पनि सो रेल चलिरहेकै छ । त्यहाँ यात्रु ओसार्न वा मालवाहकका रूपमा प्रयोग नभए पनि पर्यटकलाई लोभ्याउने उद्देश्यले रेल सञ्चालनमा रहेको भन्ने गरिएको छ । यता धनुषाको खजुरीमा थन्क्याइएर राखिएको ९० वर्ष पुरानो रेललाई भने किन नचलाइएको होला भनि धेरैले प्रश्न गर्ने गर्छन् । कोइलाबाट सञ्चालन हुने त्यसबेलाको रेलका इन्जिन र बोगी थन्क्याएर खिया लागेको देख्दा त धेरैको मन खिन्न हुन्छ ।

अत्याधुनिक सुविधा सहितको नेपाल रेल्वे सेवा यतिबेला भङ्गहा-जनकपुरधाम-जयनगरसम्म सञ्चालमा छ । नेपालको एकमात्र रेल सेवा दोस्रो चरणमा न्यारोगेजबाट ब्रोडगेजमा परिणत भई सुचारु भइरहेको छ तर तत्कालिन समयमा जयनगर-जनकपुरधाम-बिजलपुरासम्म कोइलाबाट चलने निकै दुर्लभ मानिएको बहुमूल्य स्टिम इन्जिनहरु भने अलपत्र छन् ।

'विश्वका अन्य देशमा पनि आन्तरिक तथा बाह्रय पर्यटकलाई आकर्षित गर्न यस्ता ऐतिहासिक वस्तुलाई जोगाउन सरकार अग्रसर भइरहेका हुन्छन् । दार्जिलिङ्गको त्यो कोइला रेल पनि यसकै उदाहरण हो । त्यहाँ अहिले पनि कोइलाबाट चल्ने 'इन्जिन टोइट्रेन' नामक रेलसेवा सञ्चालन गरेर आन्तरिक तथा बाह्रय पर्यटकबाट राम्रै आम्दानी गरि रहेको बुझ्न सकिन्छ', स्थानीय विनोद मण्डलले भने, 'नेपालमा भने लामो इतिहास बोकेका कोइलाबाट चल्ने इन्जिन संरक्षणको अभावमा माटोमा बिलिन हुँदै गएको छ । इन्जिन खुल्ला आकाशमुनि माटोले खाएर बिग्रिने मात्रै होइन । दिनदिनै बहुमूल्य पार्टपूर्जाहरु चोरी पनि भइरहेको छ । यसको संरक्षण र सम्बर्द्धन गर्न न स्थानीय तह न त प्रदेश र संघीय सरकारको चासो देखिन्छ । यो दु:खद हो ।'

जनकनन्दनी गाउँपालिका-४ स्थित खजुरीमा अलपत्र अवस्थामा रहेको ती इन्जिनसँगै कारखाना पनि खण्डहरमा परिणत हुँदै गएको छ । यहाँ रेलको कारखाना क्षेत्रभरीलाई घेराबेरा गर्न केही निर्माणकार्यको थालनी गरिएको देखिन्छ । त्यो पनि अधुरै छ । आन्तरिक पर्यटकको आकर्षणका रुपमा रहेको ऐतिहासिक रेलका ईन्जिन र बोगीमा सीता-राम, गोरखनाथ, पशुपति, महावीर, चन्द्र, गुहेश्वरी नामकरण गरिएका छन् तर तिनैमा खिया लागेर माटोमा बिलिन हुँदै गएका छन् ।

विसं १९९४ सालमा तत्कालीन बेलायती शासकले महोत्तरी जङ्गलबाट सालको गोलिया काठ ओसार्न रेल सञ्चालन गरेको भन्ने गरिएको रेल महोत्तरीको बिजुलपुराबाट भारतको जयनगर ५२ किलोमिटर सञ्चालनमा रहेको थियो । केही वर्षपछि जनकपुर जयनगर मात्रै चल्न थालेको थियो ।

सरोकार भएकाहरूको बेवास्ताका कारण खजुरीमा रहेको रेलको मुख्य कारखाना खण्डहरमा र इन्जिन खिया लागेर माटोमा बिलिन भइरहेको जनकनन्दनी गाउँपालिका-३ उदहाका मण्डल बताउँछन् । उनी भन्छन्, 'रेलका पुराना इन्जिनलाई सङ्ग्रहालय बनाएर राखियो भने यो ठाउँ पर्यटकका लागि आकर्षणको केन्द्र बन्नसक्छ । साथै यी बहुमूल्य वस्तुको संरक्षण पनि हुने थियो ।'

चार सिलिन्डरको कोइलाबाट चल्ने रेलका इन्जिन नेपालमा मात्र उपलब्ध रहेकोले पनि यी दुलर्भ चिजलाई संरक्षण गर्नुपर्ने मण्डलको भनाइ छ । जनकनन्दनी गाउँपालिका-४ खजुरीका ललित कामत ऐतिहासिक सम्पदाको संरक्षण गर्न प्रदेश तथा स्थानीय सरकारले चासो राख्नुपर्ने बताउँछन् । 'नेपालको छुक्छुके रेलका यी इन्जिन नेपालका इतिहास पनि हुन्, जुन अहिले कवाडिको हिसाबमा राखिएको छ', उनले भने, 'यसलाई सङ्ग्रहालय बनाएर राख्न र संरक्षण गर्न अब स्थानीय, प्रदेश र सै सरकार गम्भीर बन्नुपर्छ ।'

तत्कालिन भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वालाले खजुरीमा रहेको सो कारखानाको निरिक्षण गरी चालु आर्थिक वर्षमै सङ्ग्रहालय बनाउन पहल गर्ने बताउनु भएको थियो तर हालसम्म त्यससम्बन्धी कुनै काम अगाडि बढ्न सकेको छैन । नेपाल रेल्वे कम्पनी लिमिटेडका महाप्रबन्धक निरञ्जन झा बजेटको अभावका कारण खजुरीस्थित रेल कारखानालाई सङ्ग्राहलय बनाउन ढिलाइ भएको बताए । उनले ऐतिहासिक रेलका इन्जिनको संरक्षण गर्न आफूले पनि प्रयास गरिरहेको बताए ।

'हामीले रेल सञ्चालनको काम मात्रै गर्छौं, निर्माणकार्य रेल विभागले हेर्ने हो । यद्यपि हामीले खजुरीमा रेल सङ्ग्राहालय बनाउन प्रत्येक आर्थिक वर्षमा लिखितरूपमै आग्रह गरिरहेका छौं तर अर्थ मन्त्रालयबाट बजेट प्राप्त नभएपछि पुराना रेलका इन्जिनमा खिया लाग्दैछ', उनले भने । जनकनन्दिनी गाउँपालिकाका अध्यक्ष दिपिनदेव यादवले ऐतिहासिक रेलको कारखानालाई सङ्ग्रहालय बनाएर पुराना स्टिम इन्जिनलाई संरक्षण गर्न गाउँपालिकाले विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) गरेर रेल्वेलाई दिएपनि हालसम्म निर्माणकार्य सुरु नभएको बताए ।

उनले भने, 'सीमित स्रोतसाधन भएको हाम्रो पालिकाले सङ्ग्रहालय बनाउनको निम्ति डिपिआर बनाएर दिएको छ तर निर्माणकार्य सुरु भएको छैन । रेल्वे सेवा संघ सरकारको मातहतमा रहेकोले यसमा उहाँहरू गम्भीर हुनुपर्छ ।'

*(स्रोत: अनलाइनखबर)*

# हावाहुरीले चितवनमा १२ करोडको केरामा क्षति

चितवन/व्यवसायिक केरा उत्पादनका लागि अब्बल मानिने चितवनमा तीन दिन अगाडि आएको हावाहुरीले करिब १२ करोडको क्षति भएको छ । व्यावसायिक केरा किसानहरुले दावी गरे अनुसार यो क्षति अहिलेसम्मकै उच्च हो । यसभन्दा अगाडि हावाहुरीका कारणले यतिको क्षति नभएको उनीहरुले बताएका छन् । चितवनको कालिका रत्नननगर, खैरहनी, राप्ती नगर पालिका लगायतका क्षेत्रमा लगाइएका केराहरुमा हावाहुरीले ठूलो क्षति गरेको केरा उत्पादक संघले जनाएको छ । पूर्वी चितवनको तुलनामा पश्चिम चितवनमा भने हावाहुरीले कम क्षति गरेको छ ।

जगतपुरमा ५५ बिघामा व्यवसायिक केरा खेती गर्ने यज्ञ सुवेदीले पश्चिम चितवनमा हावाहुरीले खासै क्षति नगरेको तर पूर्वी चितवनमा भने सखाप नै बनाएको बताए । चितवन केरा उत्पादक संघका महासचिव जनकराज पन्तले पूर्वी चितवनमा धेरै जसो किसानहरुको बगान नै सखाप पारेको बताए । आधाभन्दा बढी किसानको एउटा पनि सग्लो बोट नरहने गरी क्षति गरेको पन्तले जानकारी दिए ।

'आधा किसानको आंशिक क्षति छ, आधा जतिको पूर्ण रुपमा क्षति छ, अब त्यहाँबाट केही पनि आउँदैन,' महासचिव पन्तले भने, 'बजारमा लैजान तयार भएका केराहरुलाई बढी क्षति गरेको छ । करिब १२ करोडको केरामा क्षति भएको हामीले अनुमान गरेका छौं। ' झण्डैं तीन हजार बिघामा लगाएको केरा खेतीमा क्षति पुगेको महासचिव पन्तले बताए ।

पूर्वी चितवनका ११ बिघामा केरा खेती लगाएकी आशिका मल्ल र १६ बिघामा केरा लगाएका कपिल ढकाल, जयराम ढकाल, शंकर सुवेदीले लगाएको केरा खेती हावाहुरीले पूर्ण रुपमा नष्ट गरेको महासचिव पन्तले बताए । चितवनमा ३५ सय बिघामा केरा खेती छ । प्राय: चैतदेखि असारसम्म हावाहुरीका कारणले बर्षेनी चितवनमा केरामा क्षति गर्दै आएको छ ।

चितवन केरा उत्पादक संघका पूर्व अध्यक्ष विष्णुहरि पन्तले चितवनका व्यवसायिक केरा किसानहरुलाई उठ्नै नसक्ने गरी यसपटक हावाहुरीले क्षति गराएको दुखेसो पोखे । उनले पूर्वी चितवनको हाइवेभन्दा तलको क्षेत्रमा रहेका अधिकांश केरा किसानहरुको खेती नष्ट भएको बताए ।

**बीमा भुक्तानी पाउनै सकस**

चितवनका अधिकांश व्यवसायिक केरा किसानहरुले केराको बीमा गरेका छन् । तर, भएको क्षतिको रकम पाउन भने निकै मुस्किल हुने गरेको व्यवसायीहरु बताउँछन् । गत वर्षको असारमा आएको हावाहुरीले चितवनका केरा किसानको ४ करोड बराबरको क्षति गरेको थियो । तर, सो रकम मध्ये साढे २ करोड रकम अझै किसानहरुले लिन बाँकी नै छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

**जनहितमा जारी सन्देश !**

नेपालको संविधान भाग ३ मौलिक हकको धारा ३८ अन्तर्गत बालबालिकाको हकको व्यवस्था भएको र स्थानीय सरकार संचालन ऐन, २०७४ र 'बालबालिका सम्बन्धी ऐन, २०७५' समेतलाई कार्यान्वयन गर्न गराउनका लागि तत्पर रहेको हुँदा २० वर्ष मुनिका किशोर किशोरीहरूले विवाह गरे गराएमा दुवै पक्ष कानुन बमोजिम दण्डनीय हुने हुँदा अरुलाई समेत सचेत गराई कानुनको पालना गर्न गराउनको लागि हार्दिक अनुरोध गर्दछौं ।

साथै बालबालिकालाई निकृष्ट प्रकारको श्रम (जस्तै: मोटर ग्यारेज, होटेल, गिट्टी, बालुवा, सहचालक आदि) मा नलगाउन, १४ वर्ष मुनिका बालबालिकालाई कुनै पनि श्रममा नलगाउन सूर्तिजन्य पदार्थको खरिद विक्री गर्ने कार्यमा बालबालिकालाई प्रयोग नगर्नु हुन र विद्यालयमा भर्ना गराई नियमित रूपमा पठनपाठन कार्यमा संलग्न गर्नु गराउनुहुन हार्दिक अनुरोध छ । माथि उल्लेखित कानून विरुद्धका कार्यहरू भए वा गरे गराएमा कानून बमोजिम हुने व्यहोरा पनि जानकारी गराईन्छ ।

**हेटौंडा उपमहानगरपालिका**
**६ नं. वडा समिति**

# मनकामनाको दूध प्रशोधन उद्योग संचालनमा

साझाकुरा संवाददाता

हेटौंडा, २० जेठ/ मकवानपुरगढी गाउँपालिका-३ मक्रान्चुलीस्थित मनकामना दुग्ध उत्पादक सहकारी संस्थाले निर्माण गरेको मनकामना दूध प्रशोधन तथा उत्पादन उद्योग शनिबार विश्व दूध दिवसको अवसर पारेर विधिवत रुपमा उद्घाटन गरिएको छ । संस्थाका अध्यक्ष अर्जुनप्रसाद दाहालको सभाध्यक्षता तथा नेपाल सरकारका मुख्य सचिव डा. बैकुण्ठ अर्यालको प्रमुख आतिथ्यतामा उद्योगको उद्घाटन गरिएको हो ।



दूध उत्पादनको पकेट क्षेत्रको रुपमा रहेको मकवानपुर गढीलाई कृषि र पर्यटन जोडर आगामी दिनमा पनि साथ सहयोग रहने डा. अर्यालले बताए । उनले दूध संकलन गर्दै उद्योगमार्फत विभिन्न परिकारलाई बजारसम्म लानका लागि प्रदेश र स्थानीय सरकारले साथ दिनुपर्ने बताए । किसानलाई साथ लिनसके तीन तहकै सरकार सफल हुनेमा जोड दिँदै आगामी दिनमा किसान लक्षित कार्यक्रम बनाउन स्थानीय सरकार र प्रदेश सरकारलाई आग्रह गरेका छन् ।

कार्यक्रममा बागमती प्रदेश सरकारका प्रमुखसचिव गोविन्द कार्की, प्रदेशको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयका सचिव हरिशरण पुडासैनी र गाउँपालिका अध्यक्ष दोर्जे लामास्याङ्तानले मनकामना दुग्ध सहकारीलाई साथ सहयोग सदैव रहिरहने बताए । किसानसँग सम्बन्धित योजना र बजेट प्रदेश सरकार र स्थानीय सरकारले ल्याउने उनीहरुले बताए ।

कार्यक्रममा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव मुकुन्द निरौला, सहसचिव सुमन दाहाल, गाउँपालिका उपाध्यक्ष मानकुमारी पाखिन, गाउँपालिका वडा नं. १ का वडाध्यक्ष आइतसिं लो, २ का वडाध्यक्ष बखानसिं पाखिन, ३ का वडाध्यक्ष भागवत घिमिरे, ४ का वडाध्यक्ष अर्जुनप्रसाद तिमल्सिना, पशुसेवा कार्यालय प्रमुख डा. बज्रकिशोर ठाकुर, नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजनाका प्रमुख डा. विदुर गौतम, श्रमिक सानाकिसान कृषि सहकारी संस्थाका अध्यक्ष निर्मला लम्साल, संस्थाको संस्थापक अध्यक्ष हरिप्रसाद अधिकारीलगायत प्रतिनिधिको आतिथ्यता रहेको थियो ।

सहकारीले विभिन्न व्यक्तिलाई सम्मान गरेको छ । जसमा संस्थापक अध्यक्ष हरिप्रसाद अधिकारी, पूर्वअध्यक्षहरु कृष्णप्रसाद पोखरेल, सीताराम दाहाल र कृष्णप्रसाद दाहाल, लेखनाथ अधिकारी, र पूर्वव्यवस्थापक बलराम हुमागाईलाई सम्मान गरिएको हो । हुमागाईंले संस्था स्थापनाकाल २०४२ देखि २०७८ सालसम्म संस्थाको व्यवस्थापकको भूमिका निर्वाह गरेका थिए ।

त्यस्तै, उद्योग निर्माणमा सहयोग गर्ने तत्कालीन गाउँपालिका ईन्जिनियर सुवास अधिकारी र प्राविधिक समीर दाहाल, जग्गा बिक्री गरी सहयोग गर्ने रामशरण देवकोटालाई पनि सम्मान गरियो । त्यस्तै, असल ढुवानीतर्फ रामप्रसाद तिमल्सिना, बासुप्रसाद न्यौपाने, वेदप्रसाद ढकाल, ईन्द्रमणि तिमल्सिना, ढालबहादुर चौलागाई, भूमिनन्द चौलागाई, प्रेमप्रसाद दाहाल, कृष्णप्रसाद दाहाललाई सम्मान गरिएको थियो ।

सहकारीले रानी सामूदायिक उपभोक्ता समूह र मकवानपुरगढी बृहत खानेपानी योजना उपभोक्ता समितिलाई पनि सम्मान गरेको छ । नेपाल आईभस्टक सेक्टर इनोसेसनबाट ९५ लाख अनुदान गरी २ करोड ३४ लाख लगानीमा उद्योग सञ्चालनमा ल्याइएको संस्थाका व्यवस्थापक शशी लम्सालले बताइन् । सहकारीले दही, दूध, घ्यु, मोही, पनिर, छुर्पी, नौनीलगायत विभिन्न परिकार विक्री गर्ने गरेको व्यवस्थापक लम्सालले बताइन् ।

# थाहानगरमा महिलालाई सिलाईकटाइ तालिम

साझाकुरा संवाददाता

हेटौंडा, २० जेठ/थाहा नगरपालिका-३ थाना बजारमा सञ्चालन भएको महिलाका लागि ३ सय ९० घन्टे सिलाइकटाइ प्रशिक्षणको समापन भएको छ । उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय बागमती प्रदेशको आयोजना तथा नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेशको व्यवस्थापनमा भएको प्रशिक्षण २०८० को १५ चैतदेखि सुरु भएको तालिमको १८ जेठमा समापन गरिएको हो ।

आवासीयसहितको प्रशिक्षणमा विभिन्न पालिका थाहा, इन्द्रसरोबर, कैलाश तथा धादिङ र नुवाकोटको सहित १६ जना महिलाको सहभागिता रहेको तालिमलाई प्रशिक्षक आरति श्रेष्ठले प्रशिक्षण दिए । तालिमको समापन गर्दै थाहा नगरप्रमुख बिष्णु बिष्टले तालिमले स्वरोजगार बनाउन सहयोग हुने हुँदा प्रशिक्षार्थीले नियमितरुपले सिकेको सीपलाइ व्यवहारमा उतारे मात्र प्रशिक्षण प्रभावकारी हुने बताउँदै स्थानीय सरकारले उद्यमी बन्नको निम्ति हरकिसिमको सहयोग गर्न तत्पर रहेको बताए ।

समापन कार्यक्रममा प्रशिक्षण आयोजक मन्त्रालयका सचिव एवम् बिशिष्टअतिथि राजेन्द्रकुमार केसीले महिलालाई सीपयुक्त नागरिक बनाउने उद्देश्यअनुरुप प्रदेशमै पहिलोपटक यति ठूलो तालिमको आयोजना गरिएको बताउदै महिलालाई आगामी दिनमा स्थानीय सरकारसँगको साझेदारीमा प्रविधि हस्तान्तरण समेतका कार्यक्रममार्फत स्वरोजगार बनाउन तत्पर रहेको उल्लेख गरे ।

उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयका निर्देशक गोविन्द सिग्देलको अध्यक्षतामा सम्पन्न समापन कार्यक्रममा थाहा नगरपालिका-३ का अध्यक्ष हिरेन्द्रकुमार रायमाझी, महासंघका कोषाध्यक्ष कविराज खत्री, थाहा नगर उद्योग वाणिज्य संघका अध्यक्ष पुरुषोत्तम ढकालले शुभकामना मन्तव्य व्यक्त गरे ।

# प्रहरीले बरामद गरेको सवारीसाधन लिलाम बिक्री

साझाकुरा संवाददाता

हेटौंडा, २० जेठ/जिल्ला प्रहरी कार्यालय मकवानपुरले सरकारी तथा स्वामित्व नखुलेका वेवारिसे अवस्थामा रहेका सवारीसाधनहरु आइतबार लिलाम बिक्री गरेको छ ।

सरकारी तथा स्वामित्व नखुलेका चार पांग्रे र दुई पांग्रे सवारी साधन लिलाम बिक्री गरेको मकवानपुर प्रहरीका प्रवक्ता एवम् प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए । चार पांग्रे दुईवटा र दुई पांग्रे १५५ वटा सवारी साधन लिलाम बिक्री गरेको प्रहरी नायवउपरीक्षक भण्डारीले जानकारी दिए । अधिकांश सवारीसाधन काम नलाग्ने अवस्थामा पुगेपछि लिलाम बढाबढमा बिक्री गरिएको हो । समयमै आवश्यक कानुनी प्रक्रिया पूरा गरी लिलाम बढाबढ बिक्री गरेको भए धेरै ठूलो धनराशी राजश्व आम्दानी हुने थियो ।

प्रहरी नायवउपरीक्षक भण्डारीका अनुसार, वेवारिसे अवस्थामा रहेका सवारीसाधन बिक्री गर्ने तालुक कार्यालयको आदेशानुसार मकवानपुर प्रहरीले गत बैशाख ७ गते बोलपत्र आव्हान गरेको थियो । लिलाम बोलकबोलअनुरुप हेटौंडा उपमहानगरपालिका-२ स्थित रेड राईजिङ सप्लायर्सले सबैभन्दा बढी रकममा बोलकबोल स्वीकार गर्न प्रस्ताव गरेपछि सप्लायर्सलाई दिने निर्णय गरिएको हो । कर सहित जम्मा १९ लाख ४३ हजार ९ सय ३४ रुपैयाँ ४७ पैसामा लिलाम बोलकबोल स्वीकृत भई अलपत्र सवारीसाधन उठाएको प्रहरी नायवउपरीक्षक भण्डारीले बताए ।

# नेपाल सरकारका नवनियुक्त २८ शाखाअधिकृत थाहानगरमा

साझाकुरा संवाददाता

हेटौंडा, २० जेठ/नेपाल सरकारको नवनियुक्त राजपत्रांकित तृतीय श्रेणीका अधिकृतले थाहा नगर पालिका भ्रमण गरेका छन् । नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानद्वारा आयोजित ३८ औं आधारभूत प्रशासन प्रशिक्षणमा सहभागी २८ जना नवनियुक्त अधिकृतले २० जेठमा थाहा नगरपालिका भ्रमण गरी यहाँको भौगोलिक, सामाजिक, साँस्कृतिक, आर्थिक तथा प्रशासनिक विषयको बारेमा जानकारी लिए ।




सामान्य प्रशासन, राजश्व र लेखासमूहका नवनियुक्त अधिकृतलाई थाहा नगरपालिकामा आयोजित एक कार्यक्रमबीच थाहा नगरप्रमुख विष्णु विष्टले नगरको समग्र अवस्थाको बारेमा जानकारी गराएका थिए । प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीले नगर पालिकाको सामाजिक, आर्थिक, भौगोलिक, पर्यटकीय, प्रशासन, सुशासन आदि क्षेत्रको वर्तमान अवस्थाको बारेमा जानकारी गराएका थिए । रोजगार संयोजक कुमार नेगीले थाहाको नामाकरण, थाहादर्शन र रुपचन्द्र विष्टको जीवनीबारे प्रस्तुतीकरण गरेका थिए ।

देशका विभिन्न भागमा एकसाता लामो अन्तरक्रियात्मक भ्रमण 'आफ्नो देश जान्नुहोस्' को क्रममा प्रशिक्षार्थी अधिकृत थाहा आएका थिए । उनीहरुले नगरप्रमुख विष्टसमक्ष नगरको विविध पक्षमा जिज्ञाशा राखेका थिए । उनीहरुको जिज्ञाशामा नगरप्रमुख विष्टले प्रष्ट पारेका थिए । कार्यक्रममा सहभागी अधिकृतले थाहाको विकासलाई एक 'मोडल' को रुपमा लिनुपर्ने बताएका थिए ।

अन्तरक्रियात्मक कार्यक्रममा थाहा नगरका प्रशासन महाशाखा प्रमुख नवीन खालिङ, आर्थिक प्रशासन शाखाप्रमुख अमर जिसी, प्रशासन शाखाप्रमुख उमेश श्रेष्ठ, सूचनाप्रविधि शाखाप्रमुख भगीरथ कार्की, सूचना अधिकारी सुरजकुमार भुजेल, लेखापाल सन्देश घिमिरे लगायत सहभागिता रहेको थियो ।

नेपाल सरकारको नवनियुक्त अधिकृतलाई नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले ४ देखि ६ महिनाको आधारभूत प्रशासनिक प्रशिक्षण दिने गर्दछ । प्रशिक्षण अन्तर्गत् आफ्नो देश जान्नुहोस् खण्डमा उनीहरुले सरकारी कामकाजको नजिकबाट अवलोकन र जनतासँग अन्तरक्रिया गर्दछन् । यसक्रममा उनीहरुले भौगोलिक, सामाजिक-आर्थिक र सांस्कृतिक पक्षका बारेमा जानकारी लिनुका साथै सेवाप्रवाहको अवस्था र जनताको दृष्टिकोणबाट सुधारको दायराबारे जानकारी लिने गर्दछन् ।

नेतृत्व, सार्वजनिक संचार, अनुसन्धान, विश्लेषण, समानुभूति, नवीन सोच जस्ता सीपहरु विकासको लागि नवनियुक्त अधिकृतलाई देश भ्रमणमा पठाउने गरिन्छ ।

# सालकपार्कमा सालक छोडियो

साझाकुरा संवाददाता

हेटौंडा, २० जेठ/विश्व वातावरण दिवसको अवसर पारेर शिनबार सालकपार्कमा आयोजित एक कार्यक्रममा सालकलाई आफ्नै बासस्थानमा छोडिएको छ । लोपोन्मुख सालकको उद्दार गरी वनमा छाडिएको हो ।





डिभिजन वन कार्यालय प्रमुख राकेशप्रसाद चन्द्रबंशी, बागमती प्रदेश वन तथा वातावरण मन्त्रालयको योजना तथा अनुगमन महाशाखाप्रमुख शंभु तामाङ, डिभिजन वन कार्यालय मकवानपुरका वनअधिकृत हेमकुमार पाठक, सालकको विषयमा विद्यावारिधि गरि रहेकी भक्तपुरकी प्रतिभा कस्पल, नेपाल पत्रकार महासंघ मकवानपुरका पूर्वअध्यक्ष भानुभक्त आचार्यको उपस्थितिमा सालकपार्कमा निर्मित सालक केजमा सालक छाडिएको हो ।

सालकको संरक्षण, व्यवस्थापन र यसको प्रचारप्रसारको लागि सालकपार्क निर्माण गरिएको हो । हेटौंडारण स्थित रानी सामुदायिक वन समूहले पनि सालक संरक्षणमा महत्वपूर्ण कार्य गर्दै आएको छ । समूहले चौघडा बजार र पिस पार्कमा सालकको प्रतिमा निर्माण गरेको छ भने समूहको बलक नं ६ मा सालक केज बनाएको छ । समूहको वनक्षेत्र भित्र ३ दर्जन भन्दा बढी सालक रहेको समूहले जनाएको छ ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ अनुसार सालक पक्रने सिकार गर्ने खपटाको व्यापार गर्ने ओसारपसार गर्नेलाई १ लाखदेखि ५ लाख रुपैयाँसम्म जरिवाना वा १ वर्षदेखि १० वर्षसम्म कैद वा दुवै सजाय हुने कानूनी व्यवस्था छ । सालक साइटिसको सूचीमा परेको अति संबेदनशील प्राणी हो ।


## हेटौंडा उपमहानगरपलिका
## नगर कार्यपालिकाको कार्यालय
### हेटौंडा, मकवानपुर
### बागमती प्रदेश, नेपाल

*दोस्रो पटक प्रकाशित मिति :२०८१/०२/२१*

यस उपमहानगरपालिकाको क्षेत्राधिकार भित्र उपमहानगरपालिकाले आ.व.२०८१/८२ को लागि तपशिल बमोजिमको कर संकलनको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुबाट आफ्नो फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्र र कालो सूचिमा नपरेको स्व:घोषणा पत्रको प्रतिलिपिहरु सहित रितपूर्वको सिलबन्दी बोलपत्र आव्हान गरिन्छ ।

| सि.न. | ठेक्का नं. | ठेक्काको किसिम | आय संकलन गर्ने दररेट (मू.अ.क. समेत) | न्युनतम अंक (मू.अ.क.बाहेक) | बोलपत्र फारम दस्तुर | धरौटि रकम | खरिद गर्ने अवधि |
|---|---|---|---|---|---|---|---|
| १. | REMHSMC/ Rajaswa/ 05/2081/82 | पशु हाटबजार सेवा शुल्क संकलन | • गाई, गोरु, भैंसी, रांगा प्रतिगोटा रु. २००।०० • सुंगुर, वंगुर प्रतिगोटा रु.५०।०० • खसी, बोका प्रतिगोटा रु.२५।०० • कुखुरा, हांस तथा पंक्षीजन्य प्रति गोटा रू. ०।५० | ७,१५,०००।०० | १,०००।० | मु.अ.कसमेतको कबोल अंकको ५% | मिति २०८१/०३/०३ गते कार्यालय समयसम्म । |


१. यस सम्बन्धी सूचना यस कार्यालयको वेभसाईट www.hetaudamun.gov.np बाट समेत जानकारी लिन सकिनेछ । साथै यस कार्यालयको सूचना पाटीमा समेत टांस गरिएकोछ।
२. अन्य थप जानकारीको लागि कार्यालय समयमा यस कार्यालयको राजश्व शाखाको फोन नं.०५७-५२४५८८ मा सम्पर्क राख्न सकिनेछ

प्रमुख प्रशासकीय अधिकृत



## आकर्षक घडेरी बिक्रीमा

हेटौंडाबाट नारायणगढतर्फ महेन्द्र राजमार्ग सडकबाट करिव ३०० मिटरको दूरिमा लालिगुराँस टोल विकास, वडा नं. ११ मा रहेको ०-०-१७ धुर आकर्षक घडेरी बिक्रीमा रहेको हुँदा इच्छुक व्यक्तिले तल उल्लेखित नम्बरमा सम्पर्क राख्नुहोला।





सम्पर्क नम्बर: ९८५१०६६४६१/९८५१०६६४६०



## आकर्षक जग्गा बिक्रीमा

मकवानपुर जिल्ला मनहरी गा. पा. वडा नं. ६ नारायणगढतर्फ महेन्द्र राजमार्ग सडकबाट करिव १ कि. मि. को दूरिमा रहेको २ विघा ११ कठ्ठा १४ धुर आकर्षक जग्गा बिक्रीमा रहेको हुँदा इच्छुक व्यक्तिले तल उल्लेखित नम्बरमा सम्पर्क राख्नुहोला।

सम्पर्क नम्बर:
९८५१०६६४६१
९८५१०६६४६०






## बालबालिकाप्रति अभिभावकको भूमिका

- बालबालिकालाई निडर, सिपालु, सक्षम, योग्य र आत्मनिर्भर हुन प्रोत्साहन गरौं,
- बालबालिकाका लागि सुरक्षित एवं तनावरहित वातावरण श्रृजना गरौं,
- उनीहरुलाई गाली गर्ने, डर देखाउने, अरुसँग तुलना गर्ने र कमजोर बनाउने कार्य नगरौं,
- बालबालिकाको आत्मविश्वास र सृजनशील क्षमता बढाऔं,
- उनीहरुलाई खोज्ने र सिक्ने अवसर प्रदान गरौं,
- बालबालिकालाई अभिभावकसँग सुरक्षित रहेको अनुभुति गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## जनहितमा जारी सन्देश !

नेपालको संविधान भाग ३ मौलिक हकको धारा ३८ अन्तर्गत बालबालिकाको हकको व्यवस्था भएको र स्थानीय सरकार संचालन ऐन, २०७४ र 'बालबालिका सम्बन्धी ऐन, २०७५' समेतलाई कार्यान्वयन गर्न गराउनका लागि तत्पर रहेको हुँदा २० वर्ष मुनिका किशोर किशोरीहरूले विवाह गरे गराएमा दुवै पक्ष कानुन बमोजिम दण्डनीय हुने हुँदा अरुलाई समेत सचेत गराई कानुनको पालना गर्न गराउनको लागि हार्दिक अनुरोध गर्दछौं ।

साथै बालबालिकालाई निकृष्ट प्रकारको श्रम (जस्तै: मोटर ग्यारेज, होटेल, गिट्टी, बालुवा, सहचालक आदि) मा नलगाउन, १४ वर्ष मुनिका बालबालिकालाई कुनै पनि श्रममा नलगाउन सूर्तिजन्य पदार्थको खरिद विक्री गर्ने कार्यमा बालबालिकालाई प्रयोग नगर्नु हुन र विद्यालयमा भर्ना गराई नियमित रूपमा पठनपाठन कार्यमा संलग्न गर्नु गराउनुहुन हार्दिक अनुरोध छ । माथि उल्लेखित कानून विरुद्धका कार्यहरू भए वा गरे गराएमा कानून बमोजिम हुने व्यहोरा पनि जानकारी गराईन्छ ।

हेटौंडा उपमहानगरपालिका
१ नं. वडा समिति


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना